वर्ष २० | अंक १७९ | काठमाडौं | सोमवार, २५ चैत २०८१ | Monday, 7 April 2025 | पृष्ठ ८ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

ग्राहक प्रति

www.abhiyandaily.com

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

मुआब्जा पाउने आशामा जग्गाधनी २
भिजन लुम्बिनी ऊर्जा कम्पनीलाई आइएसओ प्रमाणपत्र ३
जलवायु परिवर्तन र गरीबी ४
अटोमोबाइल क्षेत्रमा विवाद नभएको दाबी ८



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन,
९८४७३४५६६०
९८५१०१९०३८
९८४१९५९२९८
भाइबरमा SMS मात्र गर्नुहोस् हामी यताबाट कल गर्छौं ।



*तस्वीर : एएफपी/रासस*

गत मार्च ११ मा खिचिएको तस्वीरमा बेलायतको लन्डनस्थित लन्डन मेटल एक्सचेन्ज (एलएमई) को ट्रेडिङ फ्लोरको खुलमखुला बोली लगाउने घेरा, जसलाई 'द रिङ'को नामले पनि चिनिन्छ, मा रहेका ट्रेडर, ब्रोकर र क्लर्कहरू । मानवीय हस्तक्षेपविना उच्च आवृत्तिमा हुने अनलाइन व्यापारको युगमा सुट पहिरिएका दर्जनौं ट्रेडरहरू यूरोपको अन्तिम खुलमखुला बोली लगाएर कारोबार गर्ने बजारमा हरेक दिन चिच्याइरहेका हुन्छन् ।

स्वास्थ्य बीमा कार्यक्रम

# भुक्तानी दायित्व असारसम्म २४ अर्ब पुग्ने

- फागुन मसान्तसम्म १६ अर्ब ४५ करोड रकम भुक्तानी गर्न बाँकी
- मासिक करीब २ अर्ब रकम सेवाप्रदायकबापत खर्च
- आम्दानीभन्दा १५ गुणा बढी खर्च
- फागुनसम्म आधाभन्दा बढी अर्थात् ५४ प्रतिशतले नवीकरण गरेनन्

**विजय दमासे**

काठमाडौं

सरकारले कम बजेट छुट्ट्याउँदा स्वास्थ्य बीमा कार्यक्रमको दायित्व झन् पछि झन् बढ्दै जाने देखिएको छ ।

अघिल्ला वर्षहरूको समेत दायित्व सर्दै आएका कारण बीमा कार्यक्रम सञ्चालन गरिरहेका अस्पतालहरूलाई भुक्तानी दिनुपर्ने रकम बढ्दै गएको हो ।

स्वास्थ्य बीमा बोर्डका अनुसार त्यस्ता संस्थाहरूलाई फागुन मसान्तसम्मको १६ अर्ब ४५ करोड रुपैयाँ भुक्तानी गर्न बाँकी छ । बोर्डका कार्यकारी निर्देशक डा. रघुराज काफ्लेले आइतवार श्वेतपत्र जारी गर्दै जनशक्ति र पर्याप्त बजेट नहुँदा असार मसान्तसम्म २४ अर्ब रुपैयाँ भुक्तानी बाँकी हुने बताए । उनका अनुसार बोर्डमा १ अर्ब रुपैयाँ मात्र रकम छ तर भुक्तानी गर्न बाँकी १६ अर्बभन्दा बढी हुँदा बीमा कार्यक्रम चलाउन समस्या भएको छ । 'मासिक करीब २ अर्ब रुपैयाँ सेवाप्रदायकबापत खर्च हुन्छ । आम्दानीभन्दा खर्च १५ गुणा बढी छ,' उनले बताए ।

उनका अनुसार दाबी भुक्तानी फरकफारक गर्न जनशक्तिको चरम अभावसमेत देखिएको छ । त्यसका लागि १०० दिनभित्र दाबी भुक्तानी गर्न १९२ जना कर्मचारी राख्ने प्रस्ताव बोर्डले अर्थ मन्त्रालयमा पठाइसकेको छ । 'बोर्डमा २६ जनाको मात्र दरबन्दी छ । त्यसमा २२ जना मात्र कार्यरत छन् । अहिलेको दरबन्दीले रातदिन काम गरे पनि १ वर्षसम्म भुक्तानी हुन सक्दैन । समयमै भुक्तानी दिन दरबन्दी थप गर्न अर्थ मन्त्रालयमा प्रस्ताव गरेका छौं,' उनले भने ।

**जनसंख्याका आधारमा स्वास्थ्य बीमामा आबद्धता**

**कोशी** : ३३ प्रतिशत
**मधेश** : ७ प्रतिशत
**बागमती** : २६ प्रतिशत
**गण्डकी** : ३४ प्रतिशत
**लुम्बिनी** : १४ प्रतिशत
**कर्णाली** : १४ प्रतिशत
**सुदूरपश्चिम** : ११ प्रतिशत

*स्रोत : स्वास्थ्य बीमा बोर्ड*

२०७२ चैत २४ गतेदेखि लागू भएको स्वास्थ्य बीमा कार्यक्रममा ८९ लाख ५२ हजार १३५ जना व्यक्ति आबद्ध भएका छन् । यसमा ५७ लाख ५३ हजार ८१७ जनाले मात्र फागुन मसान्तसम्म बीमा नवीकरण गरेका छन् । स्वास्थ्य बीमा बोर्डका अनुसार ३५६ स्थानीय तहमा मात्र प्रथम विन्दु पुगेको छ । ३९७ स्थानीय तहका बीमितहरू अन्य स्थानीय तहका सेवा केन्द्रमा जानुपर्दा नवीकरण कम हुन थालेको बताइएको छ ।

सेवाप्रदायकहरू सुगम र बढी जनसंख्या भएको स्थानमा केन्द्रित छन् । बोर्डका निर्देशक काफ्लेका अनुसार अधिकांश सेवाप्रदायक एकै ठाउँमा केन्द्रित रहेका र दुर्गम स्थानमा मापदण्डबमोजिमका प्रथम सेवा विन्दु पाउनसमेत कठिन छ ।

बोर्डका अध्यक्ष चन्द्रबहादुर थापा क्षत्रीले बीमा कार्यक्रममा आबद्ध भएका ५४ प्रतिशत व्यक्तिले नवीकरण नगरेको बताए । 'बोर्डले एकपटक बीमा गरेपछि नवीकरण गर्ने वातावरण तयार पार्नसमेत नसकेको देखिन्छ । छाड्ने दर उच्च हुनुको कारण पहिचान गरी त्यसको सम्बोधनमा ध्यान दिनु आवश्यक छ,' उनले भने ।

उनका अनुसार बीमामा आबद्ध भएका पनि ४८ प्रतिशत व्यक्तिले मात्र सुविधा लिएका छन् । देशभर ४०४ सरकारी अस्पताल, ४८ निजी र ३३ ओटा सामुदायिक स्वास्थ्य संस्था सूचीकृत छन् । सेवाप्रदायक सबै ठाउँमा उपलब्ध हुने अवस्था सृजना गर्न तीन तहका सरकार र निजीक्षेत्रसँगको समन्वय तथा सहकार्य गर्न जरुरी छ ।

आइतवार बोर्डले जारी गरेको श्वेतपत्रमा बहुसंख्यक नागरिक र घरसंख्या स्वास्थ्य बीमामा समेटिन बाँकी रहेको, सहभागितामा असन्तुलन, बहुसंख्यक स्थानीय तहमा प्रथम सेवा बिन्दु पुग्न बाँकी, बीमितहरूको छाड्ने दर उच्च र दोहोरोपनले गर्दा बीमितको यथार्थ विवरण पाउन कठिन भएको उल्लेख छ ।

# म्यानुफ्याक्चरिङ उद्योगमा विद्युत् खपत र डिजिटल भुक्तानी न्यून

**अभियान संवाददाता**

काठमाडौं

नेपालमा उत्पादनमूलक उद्योग (म्यानुफ्याक्चरिङ) क्षेत्रको विस्तार हुन नसक्दा औद्योगिक क्षेत्रबाट विद्युत्को माग धेरै बढ्न नसकेको विश्व बैंकले बताएको छ ।

त्यसैगरी यो क्षेत्र डिजिटल प्रविधि उपयोगमा पनि नेपालजस्तै अन्य राष्ट्रको तुलनामा पछि परेको विश्व बैंकले हालै सार्वजनिक गरेको 'नेपाल राष्ट्रगत आर्थिक परिदृश्य : नेपालमा आर्थिक वृद्धिको सम्भावना उजागर' प्रतिवेदनमा उल्लेख छ ।

सन् २०२२ मा म्यानुफ्याक्चरिङ क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा योगदान ६ प्रतिशतमा झरेको छ जुन दक्षिण एशियाका अन्य राष्ट्र र नेपालजस्तै अन्य राष्ट्रको तुलनामा कम हो । नेपालको औद्योगिक क्षेत्रले सन् २०२२ मा १२ हजार ८०० टेराजोल (३ अर्ब ५५ करोड युनिटभन्दा बढी) विद्युत् खपत गरेको थियो जबकि बंगलादेशको औद्योगिक क्षेत्रले उक्त वर्ष १ लाख ४७ हजार टेराजोल विद्युत् खपत गऱ्यो । एक टेराजोलमा २ लाख ७७ हजार ७७७ युनिट बिजुली हुन्छ । उत्पादनशील उद्योग क्षेत्रमा विद्युत्को उपभोग विगत १ दशकमा दोब्बर भए पनि यो अन्य नेपाल जस्तै देशको तुलनामा न्यून भएको विश्व बैंकको भनाइ छ ।





**नेपालमा गृहयुद्ध हुँदा पनि जीडीपीमा ७ दशमलव ३ प्रतिशतको योगदान रहेको म्यानुफ्याक्चरिङ क्षेत्रको योगदान पछिल्लो समयमा ५ दशमलव ७ प्रतिशतमा झरेको छ**

यसलाई प्रतिवेदनले नेपालमा जलविद्युत्को उपभोग बढाउनको लागि चुनौतीका रूपमा व्याख्या गरेको छ । प्रतिवेदनअनुसार नेपालमा गृहयुद्ध हुँदा पनि कुल गार्हस्थ्य उत्पादन (जीडीपी)मा ७ दशमलव ३ प्रतिशतको योगदान रहेको म्यानुफ्याक्चरिङ क्षेत्रको योगदान पछिल्लो समयमा ५ दशमलव ७ प्रतिशतमा झरेको छ । अर्थतन्त्रमा योगदानको दृष्टिले निर्माण क्षेत्रले म्यानुफ्याक्चरिङ क्षेत्रलाई उछिनिसकेको प्रतिवेदनमा उल्लेख छ ।

सन् २०१८ को ३१ मेमा नेपालमा पूर्ण रुपमा लोडशेडिङ हटे पनि बारम्बार बिजुली कटौतीको समस्याका कारण अधिकांश औद्योगिक फर्मले विद्युत् आपूर्तिमा विश्वसनीयता गुमाएको प्रतिवेदनमा उल्लेख छ । नेपालको औद्योगिक क्षेत्रले सन् २००७ देखि २०१७ को अवधिमा लोडशेडिङको जटिल समस्या भोग्नुपरेको थियो ।

प्रतिवेदनमा उल्लेख भएअनुसार ७६ प्रतिशत फर्महरूले अझै पनि नियमित बिजुली कटौतीको अनुभव गरिरहेका छन् । विद्युत् आपूर्तिमा फर्महरूको अविश्वास बढ्नुको मुख्य कारण भने कमजोर र सीमित प्रसारण र वितरण प्रणाली हो । अझै पनि प्रसारण लाइन, सबस्टेशन, र वितरण नेटवर्कहरूको बलियो पूर्वाधार नेपालमा तयार भइनसकेको प्रतिवेदनले बताएको छ ।

'अविश्वसनीय बिजुली आपूर्तिले फर्महरूको उत्पादन र नाफामा उल्लेखनीय प्रभाव पारेको छ । सन् २०२२ मा बिजुली कटौतीका कारण १३ प्रतिशतभन्दा बढी फर्महरूले आफ्नो वार्षिक विक्रीको १० प्रतिशतभन्दा बढी घाटा बेहोरेको थिए,' प्रतिवेदनमा उल्लेख छ ।

अर्थविद् ज्ञानेन्द्र अधिकारीले भरपर्दो पूर्वाधार अभावका कारण अझै पनि अधिकांश फर्म तथा उद्योगहरूले बिजुली प्रयोगको विश्वसनीयता गुमाएको बताए । उनका अनुसार कमजोर वितरण प्रणाली र विश्वसनीय सेवा अभावका कारण उद्योगहरूमा बिजुलीको प्रयोग सेवा क्षेत्रको तुलनामा कम रहेको हुन सक्छ ।

म्यानुफ्याक्चरिङ मात्र होइन सेवा क्षेत्रमा पनि बिजुलीको उपयोग न्यून रहेको प्रतिवेदनमा उल्लेख छ ।

अर्कोतर्फ, म्यानुफ्याक्चरिङ क्षेत्र डिजिटल भुक्तानी सेवा उपयोग गर्नमा पनि पछि परेको प्रतिवेदनमा उल्लेख छ । सन् २०२३ मा १० प्रतिशत म्यानुफ्याक्चरिङ कम्पनीले मात्र डिजिटल भुक्तानी गरेको प्रतिवेदनमा उल्लेख छ । डिजिटल पूँजी अर्थात् डिजिटल क्षेत्रको शीप, प्रतिस्पर्धात्मक क्षमता र प्रविधिको उपयोगमा पनि यो क्षेत्र पछि परेको प्रतिवेदनमा उल्लेख छ ।

अर्थविद् अधिकारीले डिजिटल भुक्तानी हुँदा उद्योगको आर्थिक पक्षमा पारदर्शिता हुने त्रासका कारण यस्तो भुक्तानी कम अपनाइएको हुन सक्ने बताए ।

# नेशनल जिओग्राफिकका हाई इन्ड पर्यटक नेपालमा

- होटेल द्वारिकाज्मा बसोवास
- प्रतिपर्यटक दैनिक खर्च औसतमा ५०० डलर
- वर्षमा आठ टोलीको नेपाल यात्रा
- एउटा टोलीमा ७५ देखि ८५ जनासम्म

**हिमा वि.क**


काठमाडौं

नेशनल जिओग्राफिकले धेरै खर्च गर्ने (हाई इन्ड) पर्यटकलाई विश्व घुमाउने क्रममा ७८ जनाको एक टोली हाल भुटान र नेपाल भ्रमणमा ल्याएको छ । सामान्यतया नेपाललाई कम खर्च गर्ने विदेशी पर्यटकले गन्तव्य बनाए पनि नेशनल जिओग्राफिकको आयोजनामा उच्च खर्च गर्ने टोली शुक्रवार नेपाल आइपुगेको हो ।


नेशनल जिओग्राफिकसँगको सहकार्यमा यती होलिडेज प्रालिले ती पर्यटक नेपाल भित्र्याएको हो । स्टेभ लावट पोर्टर, लिन्डा जेम्स होल्मस र र्‍हेना म्याक्रिसवर्निकलगायत ७८ जनाको टोली विमान चार्टर गरेर नेपाल आई होटेल द्वारिकाज्मा बसेको यती होलिडेजका कार्यकारी निर्देशक हेमन्तराज कोलाक्षपतिले जानकारी दिए ।

उनका अनुसार उक्त टोली नेपाल आएर यहाँको गन्तव्य सूचीमा रहेको झन्डै ८० प्रतिशत ठाउँ घुमिसकेर भुटान गएको छ । उनीहरू सोमवार बिहान पुनः नेपाल आउने समय तालिका रहेको उनको भनाइ छ ।


» बाँकी पृष्ठ ५ मा













बीमा नियमावलीमा अभिकर्ताको विरोध

# अभिकर्ताविना बीमा गर्न सकिने नियम हटाउन लबिइङ

- प्रत्यक्ष रूपमा बीमा गर्न आएमा अभिकर्ताले पाउने कमिशनको ५० प्रतिशत रकम बीमाशुल्कमा छूट दिनुपर्ने संशोधित बीमा नियमावलीमा व्यवस्था
- बीमा अभिकर्ताहरूले बीमा गर्दा निर्जीवन बीमामा बीमाशुल्कको ५ प्रतिशत र जीवन बीमामा ५ देखि २५ प्रतिशतसम्म कमिशन पाउने व्यवस्था छ

**अभियान संवाददाता**

काठमाडौं

अभिकर्ताविना सीधै जीवन बीमा गर्न सक्ने तथा बीमालेख नवीकरणका आधारमा प्रोत्साहन भत्ता दिने बीमा नियमावलीको व्यवस्था सच्याउन अभिकर्ताहरूले चर्को लबिइङ गरेका छन् । बीमा नियमावली २०८१ को प्रावधानले बीमा अभिकर्ताको रोजीरोटी खोसिने र बीमाको विस्तारमा पनि असर पर्ने भन्दै यसलाई खारेज गर्न उनीहरूले माग अघि सारेका हुन् ।

नियमावलीको नियम ४४ (४) मा बीमित आफै प्रत्यक्ष रूपमा बीमा गर्न आएमा अभिकर्ताले पाउने कमिशनको ५० प्रतिशत रकम बीमाशुल्कमा छूट दिनुपर्ने व्यवस्था गरिएको छ । यसअघि निर्जीवन बीमामा सीधै बीमा गर्नुपर्ने भए पनि जीवन बीमा भने अभिकर्तामार्फत मात्र गर्नुपर्ने व्यवस्था थियो । उक्त प्रावधान संशोधन गरी सरकारले जीवन बीमा पनि बीमितले सीधै गर्न सक्ने व्यवस्था गरेको छ ।

बीमा अभिकर्ताहरूले बीमा गर्दा निर्जीवन बीमामा बीमाशुल्कको ५ प्रतिशत र जीवन बीमामा ५ देखि २५ प्रतिशतसम्म कमिशन पाउने व्यवस्था छ । एकपटक बीमा गर्दा अभिकर्ताले बीमालेखको अवधि वा १० वर्षसम्म कमिशन पाउँछन् ।

» बाँकी पृष्ठ ५ मा

## अध्ययन गर्दै प्राधिकरण

अभिकर्ताहरूले नियमावलीमा विरोध जनाएपछि यसबारे प्राधिकरणले अध्ययन शुरू गरेको छ । बीमा नियमावलीमा देखिएका अप्ठ्यारा प्रावधान संशोधन गर्न प्राधिकरणका निर्देशक शम्भराज लामिछानेको संयोजकत्वमा अभिकर्ता र बीमकहरू समेत संलग्न रहने गरी ८ सदस्यीय सुझाव समिति गठन भएको छ । समितिमा बीमा अभिकर्ताका दुई जना, जीवन, निर्जीवन र लघुबीमकबाट एक/एक जना र समितिबाट दुई जना सदस्य तोकिएको छ ।

एक महीनाको समय दिएको समितिले हालसम्म दुईओटा बैठक बसेर बीमा नियमावलीका व्यवस्थाहरूबारे छलफल गरिसकेको छ । समितिका सदस्यहरूलाई आआफ्नो क्षेत्रमा परेका अप्ठ्याराबारे अध्ययन तथा यसबारे अन्तरराष्ट्रिय अभ्यासबारे अध्ययन गर्न समय दिइएको र यसपछि बैठक बसेर सुझाव एकीकृत गर्ने प्राधिकरणले बताएको छ । समितिको सुझावका आधारमा नियमावली संशोधनका लागि अर्थ मन्त्रालयमा अनुरोध गर्ने प्राधिकरणका अध्यक्षबाट प्रतिबद्धता आएको र अर्थमन्त्रीसमेत सकारात्मक रहेकाले आफूहरू आशावादी रहेको बीमा अभिकर्ता संघका महासचिव केसीले बताए । प्राधिकरणको तथ्यांकअनुसार आर्थिक वर्ष (आव) २०८०/८१ सम्ममा ३ लाख २९ हजार अभिकर्ताहरूले इजाजत लिएका छन् । आव २०७९/८० सम्ममा २ लाख ७७ हजार अभिकर्ता रहेकोमा १ वर्षमा १८ प्रतिशतले वृद्धि भएको हो ।

बीमा ऐन २०७९ मा अभिकर्ताको इजाजत लिन तालिम लिएर प्राधिकरणले लिने परीक्षा उत्तीर्ण हुनुपर्ने व्यवस्था गरेको छ । यसैगरी नवीकरण गर्दा समेत निश्चित अवधिको अद्यावधिक तालिम लिनुपर्ने व्यवस्थाको तयारीमा प्राधिकरण छ ।

## लेखा व्यवसायीको चौथो राष्ट्रिय सम्मेलन मंगलवारदेखि




काठमाडौं (अस) । लेखा व्यवसायीको चौथो राष्ट्रिय सम्मेलन मंगलवारदेखि शुरू हुने भएको छ । 'कर र सार्वजनिक वित्तीय व्यवस्थापनको आधुनिकीकरणमार्फत अर्थतन्त्रको रूपान्तरण' भन्ने नाराका साथ लेखा व्यवसायीको सम्मेलन आयोजना हुन लागेको आयोजक नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आईक्यान)ले जानकारी दिएको छ । सम्मेलन बुधवार सम्पन्न हुनेछ ।

सम्मेलन अवधिभर लेखा व्यवसायी, नीति निर्माता, शिक्षाविद्, उद्योगी तथा विद्यार्थीमाझ कर प्रणाली तथा सार्वजनिक वित्तीय व्यवस्थापनको आधुनिकीकरण विषयमा अन्तरक्रिया हुने आयोजकले जनाएको छ । दुई दिनसम्म चल्ने सम्मेलनमा पाँच प्राविधिक तथा दुई पुरकसहित कुल ७ सत्र सञ्चालन हुँदैछन् । कर प्रणाली र सार्वजनिक वित्तीय व्यवस्थापनको आधुनिकीकरणका लागि गहन छलफलमार्फत उपयुक्त नीति निर्माण, पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्ने उद्देश्यले सम्मेलन गर्न लागिएको आईक्यानले बताएको छ ।

सम्मेलनले लेखा पेशाको उन्नति र आर्थिक विकासमा समेत योगदान पुऱ्याउन मद्दत पुग्ने अपेक्षा गरिएको छ । ७ सेसनमा ३५ वक्ता सहभागी हुनेछन् । चारजनाले प्रस्तुति दिनेछन् । पाँच जना अन्तरराष्ट्रिय प्रतिनिधि समेत उपस्थित हुने आयोजकले बताएको छ । सम्मेलनमा राष्ट्रिय-अन्तरराष्ट्रिय गरी करिब एक हजार जनाको सहभागिता रहने अनुमान गरिएको छ । मंगलवार उद्घाटन कार्यक्रममा आईक्यानका अध्यक्ष प्रविनकुमार झा र अर्थमन्त्री विष्णुप्रसाद पौडेलले सम्बोधन गर्ने कार्यक्रम छ । आईक्यान उपाध्यक्ष निलबहादुर मगरले कार्यक्रम समापन गर्नेछन् ।

## नेपाल-चीन सांस्कृतिक आदानप्रदान तथा पर्यटन प्रवर्द्धन कार्यक्रम वैशाखमा



काठमाडौं । चीनको कुइलिनमा आगामी वैशाखमा नेपाल-चीन सांस्कृतिक तथा पर्यटन प्रवर्द्धन कार्यक्रम आयोजना हुने भएको छ । चीनस्थित कुइलिन मर्चेन्ट्स इन्टरनेशनल ट्राभल सर्भिस, कुइलिन पर्यटन विश्वविद्यालय र कुइलिन इङ्लिस कर्नर स्कुलसँगको सहकार्यमा उक्त कार्यक्रम आयोजना गरिने आइतवार काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो । कम्पनीका अध्यक्ष सत्या लामा तामाङले नेपाली कलाकार, पर्यटन व्यवसायी, उद्यमी तथा व्यापारी, सरकारी प्रतिनिधिलगायत सहभागी हुने जानकारी दिए ।

'आगामी वैशाख २८ गते चीनको कुइलिनमा दुईदेशीय सांस्कृतिक आदानप्रदान तथा पर्यटन प्रवर्द्धन कार्यक्रम आयोजना गरिनेछ । यसले द्विपक्षीय सम्बन्ध अझ बलियो बनाउनुका साथै पर्यटन क्षेत्रमा सहकार्य बढ्ने विश्वास लिएका छौं,' अध्यक्ष तामाङले भने ।

कार्यक्रममा नेपाल र चीनका मौलिक गीत, नृत्य प्रस्तुत गर्नुका साथै नेपालको पर्यटन प्रवर्द्धन गरिने कम्पनीका प्रबन्ध निर्देशक फुर्बा ग्याल्बो मोक्तानले बताए । त्यस अवसरमा नेपालको संस्कृति र पर्यटन क्षेत्रमा योगदान गरेका व्यक्तिलाई पुरस्कृत गरिने जानकारी समेत उनले दिए । 'कोरियोग्राफर' कमल राईले चीनको कुइलिनमा राई, लिम्बू, गुरुङ, थारुलगायत पूर्वमेचीदेखि पश्चिम महाकालीसम्मका वेशभूषा र संस्कृति झल्कने विविध सांस्कृतिक कार्यक्रम आयोजना गरिने बताए । *रासस*

## माछापालनमा लाग्न किसानलाई प्रेरित गर्दै मत्स्यविकास केन्द्र

बागमती । कुलेखानीस्थित मत्स्यविकास केन्द्रले माछापालनलाई प्रोत्साहन गर्न विद्यार्थी र कृषक लक्षित गरी मत्स्य घुम्ती शिविर र विद्यालय शिक्षा कार्यक्रम सञ्चालन गरेको छ । मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-४ फाखेलस्थित कालिका माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) र वडा नम्बर १ स्थित सरस्वती बालबोधिनी माध्यमिक विद्यालयमा मत्स्य केन्द्रले माछापालनसम्बन्धी शिक्षा कार्यक्रम सञ्चालन गरेको हो । मत्स्य केन्द्रका प्रमुख मनिता पौडेलका अनुसार हालै कालिका मावि फाखेलमा आयोजना गरिएको स्कूल शिक्षा कार्यक्रममा २४ जना विद्यार्थी, नौ जना विद्यालयका कर्मचारीलाई माछापालन पद्धति, मुलुकमा मत्स्यपालनको अवस्था, पाल्न सकिने माछाका जातलगायत माछाको पौष्टिक महत्त्व तथा प्राकृतिक जलाशयको संरक्षणलगायत विषयमा प्रशिक्षण दिइएको छ । माछापालनलाई प्रोत्साहन गर्ने उद्देश्यले केन्द्रले चितवनको खैरहनी, सिन्धुलीको मरिण र नुवाकोटको ककनीमा मत्स्य घुम्ती शिविर सञ्चालन गरेको छ । *रासस*



तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान

**काठमाडौंको इन्द्रचोक नजिक सटर बनाउने एक व्यक्ति साइकलमा सामानसहित घुम्दै ।**

## सर्वोच्चको आदेशपछि कालीगण्डकीमा उत्खनन शुरू

पर्वत । कालीगण्डकी नदी उत्खननका विषयमा परेको रिट सर्वोच्च अदालतले खारेज गरेपछि उत्खनन शुरू भएको छ । सर्वोच्च अदालतले २०७८ असार २९ गते अन्तरिम आदेश जारी गर्दै नदी उत्खननसम्बन्धी सम्पूर्ण कार्य रोक्न आदेश दिएपछि चार वर्षदेखि रोकिएको उत्खनन पुनः शुरू भएको हो । गत कात्तिक ११ गते सर्वोच्च अदालतका न्यायाधीश डा. कुमार चुँडाल र विनोद शर्माको इजलासले उक्त रिट खारेज गरेको थियो ।



**कालीगण्डकी नदी प्रवाहित क्षेत्रमा विभिन्न स्थानीय तहमा नदीजन्य पदार्थको अवैध चोरी निकासी भएको भन्दै उत्खननसम्बन्धी कार्य रोक्न परेको रिट खारेज भएपछि पर्वतको जलजला गाउँपालिकाले उत्खननका लागि ठेक्का आह्वान गरेको छ ।**

सर्वोच्च अदालतमा म्याग्दी, पर्वत, बागलुङ, स्याङ्जा, पाल्पा र तनहुँ भएर बग्ने कालीगण्डकी नदी प्रवाहित क्षेत्रमा विभिन्न स्थानीय तहमा नदीजन्य पदार्थको अवैध चोरी निकासी भएको र नदी दोहन भएको भनी रिट परेको थियो । उक्त रिटउपर खारेजीको आदेश आएपछि पर्वतको जलजला गाउँपालिकाले उत्खननका लागि ठेक्का आह्वान गरेको छ ।

गाउँपालिकाले गत फागुन २० गते सूचना प्रकाशन गरी पालिकाभित्र पर्ने कालीगण्डकी नदीको घाटगद्दी गरिएका नौ स्थानबाट उत्खनन गर्नका लागि बोलपत्र खोलेर विभिन्न व्यक्ति तथा कम्पनीलाई जिम्मेवारी दिएको छ ।

एक करोड ७७ लाख बराबरको ठेक्का आह्वान गरिएको गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्यले जानकारी दिए । उनका अनुसार अदालतको आदेशपछि चार वर्षसम्म रोकिएको उत्खनन प्रक्रिया अहिले शुरू भएको हो ।

सर्वोच्चको आदेशपछि पर्वतको कुश्मा नगरपालिका र जलजला गाउँपालिकाले तीन वर्षदेखि नदीजन्य पदार्थको उत्खननका लागि ठेक्का आह्वान गर्न पाएका थिएनन् । नदीजन्य पदार्थको विक्री वितरणबाट हुने आम्दानी रोकिएको भन्दै जलजला गाउँपालिकाले अन्तिम फैसलाका लागि मुद्दालाई प्राथमिकतामा राखेर मुद्दाको किनारा लगाउन पटकपटक अनुरोध समेत गर्दै आएको थियो ।

कालीगण्डकी नदीमा अवैध तरीकाले उत्खनन हुने गरेका घटना बढेपछि सरोकारवालाले यसको रोकथामका लागि सर्वोच्च अदालतमा मुद्दा हालेका थिए । रिट खारेजीको आदेशपछि पनि पवित्र कालीगण्डकी नदीको संरक्षण, शालग्राम शिलाको अवैध चोरी निकासी हुन नदिन जिल्ला अनुगमन समितिलाई संरक्षण र अनुगमनका लागि सक्रियता देखाउन भनिएको छ ।

पालिकाले ठेक्का आह्वान नगरे पनि अवैध रूपमा नदी उत्खनन हुने कार्य भने भइरहेको थियो । ठेक्का आह्वानपछि अब नदीजन्य वस्तुको उत्खनन र विक्रीवितरण व्यवस्थित रूपमा हुने तथा यसले पालिकाको आम्दानीसमेत बढ्ने जलजला गाउँपालिकाका अध्यक्ष आचार्यले बताए । यसले पालिकाको विकास निर्माणमा टेवा पुग्ने उनको भनाइ छ ।

कुश्मा नगरपालिकाले भने अहिलेसम्म नदीजन्य वस्तु उत्खननमा चासो दिएको छैन । पालिकाले ठेक्का नलगाउँदा अवैध उत्खनन तथा चोरीनिकासी भइरहेको छ । *रासस*

### जयनगर-बर्दिवास रेल्वे

# मुआब्जा पाउने आशामा जग्गाधनी

महोत्तरी । जयनगर-बर्दिवास रेल्वे क्षेत्रमा जग्गा परेर अझै उचित मुआब्जा नपाएका जग्गाधनीले राहत महसुस गरेका छन् । बर्दिवास नगरपालिका-१४ मा ६ बिघा र भंगाहा-४ को १५ कठ्ठा जग्गाको वर्गीकरणमा भएको त्रुटि रेल विभागले सच्याउने जनाएपछि सम्बन्धित जग्गाधनीले मुआब्जा पाउने आशा गरेका हुन् ।

जयनगर-बर्दिवासको ६९ किलोमिटरको दूरीमध्ये ५१ किलोमिटरमा रेल्वेको ट्र्याक निर्माण भई रेल सञ्चालन भइसकेको छ । भंगाहा-बर्दिवास खण्डको १८ किमी दूरीभित्र ६ बिगा १५ कठ्ठा जग्गाको वर्गीकरण त्रुटिपूर्ण रहेको भन्दै जग्गाधनी आन्दोलित भएपछ यस खण्डको निर्माण अघि बढ्न सकेको छैन ।

यसैबीच, विभागले स्थानीय प्रशासन, जिल्लास्थित नापी कार्यालय, जग्गाधनी, रेल विभागका अधिकारी र बर्दिवास एवं भंगाहाका जनप्रतिनिधिको उपस्थितिबीच वर्गीकरणमा भएको त्रुटि सच्याइने जनाएपछि यस खण्डको काम सुरु गर्न अब निकास निस्केको छ ।

'रेल विभागका प्रतिनिधिले वर्गीकरण गरिएको नक्सामा भएको त्रुटि सच्याउने प्रतिबद्धता जनाउनुभएको छ,' रेल विभागका प्रतिनिधि सुमोद पोखरेलको भनाइ उद्धृत गर्दै भंगाहा-४ का कुशेश्वर यादवले भने, 'मुआब्जा निर्धारण समितिकै वर्गीकरणअनुसार रकम पाउन आन्दोलनमा उत्रिनुपऱ्यो, अब भने रकम पाइन्छ कि भन्ने आश जागेको छ ।'

रेल विभागले अधिग्रहण गरेको यादवको सडकसँगै जोडिएको जग्गा मुआब्जा वितरणका बेला नक्सामा सडक नदेखिएको भनेपछि विवाद बढेको हो । बर्दिवास-१४ को खोल्सीपैनी पश्चिमका लागि समितिले गरेको वर्गीकरण त्यही ठाउँको आफ्नो जग्गामा फरक परेको भन्दै ३५ किसान आन्दोलित भएपछि रेल्वेको भंगाहा-बर्दिवास खण्डको निर्माण रोकिएको हो ।

अहिले भने खोल्सीपैनी पश्चिमको आफूहरूको रेल्वेले अधिग्रहण गरेको जग्गाको वर्गीकरणमा भएको त्रुटि रेल विभागले सच्याउने बताएपछि अब समितिले गरेको निर्धारणअनुसारको रकम पाउने आश जागेको रेल्वे आयोजना पीडित संघर्ष समितिका अध्यक्ष बर्दिवास-१ का निरोज अधिकारीले बताए । रेल्वेले गरेको नक्सांकनमा अधिकारीसहितका ३५ जनाको जग्गा खोल्सीपैनी पश्चिम नकोरिँदा ६ बिघा क्षेत्रफलका पुराना जग्गाधनीले पाउने मुआब्जा कम देखिँदा विवाद भएको हो ।

'हामीले बढी मागेकै हैनौं, जहाँ हाम्रो जग्गा छ, त्यो जग्गाको जे मुआब्जा तोकिएको छ, हामीले त्यही मागेका हौं, उचित मुआब्जा नपाएपछि पीडितले गठन गरेको रेल्वे आयोजना पीडित संघर्ष समितिका अध्यक्ष निरोज अधिकारी भन्छन्, 'पैनीपश्चिमको जे अवस्थिति छ, रेल्वे विभागले नक्सांकन गर्दा सो नदेखिँदामात्र हामी मर्कामा परेर आन्दोलनमा उत्रिनुपरेको हो, अब रेल विभागका प्रतिनिधिले सो त्रुटि सच्याइने बताएपछि समाधान होला भन्ने लागेको छ ।'

यसैगरी भंगाहा-४ का यादवको जग्गा सडकले छोएको भए पनि रेल्वेले गरेको नक्सांकनमा सडक कोरिएको छैन । यी दुवै ठाउँको जग्गाको अवस्थितिबारे स्थानीय तह र जिल्ला प्रशासन कार्यालयले स्थलगत अवलोकन गरी दिएको प्रतिवेदनसमेत विभागले कार्यान्वयन नगरेपछि जग्गाधनी आन्दोलित भएका थिए । भंगाहामा सडकले छोएको जग्गाको रू. ६ लाख र नछोएको जग्गाको एक लाख ५० हजार प्रतिकठ्ठा मुआब्जा निर्धारण छ ।

जयनगर-बर्दिवास रेल्वेतर्फ अब वर्गीकरणमा भएको त्रुटि सच्चिएपछि ट्र्याक निर्माण अघि बढ्ने वातावरण बनेको बर्दिवास नगरपालिका प्रमुख प्रह्लादकुमार क्षत्रीको भनाइ छ । यद्यपि बर्दिवास-१४ मा पूर्व-पश्चिम रेलमार्गमा परेका १४ परिवारको घर उठाउन अझै समस्या रहेको छ । बर्दिवास-१४ का १४ घरपरिवारको मुआब्जा विवाद अझै जटिल नै छ । रेल विभागका प्रतिनिधि पोखरेलले यी परिवारका नाउँमा जग्गा नहुनु, जग्गा फिल्डबुकमा देखिए पनि अर्कैको नाउँमा हुनुले सडक छेउमै हुँदासमेत यसको समाधान पहिल्याउन विशेष निर्णय नै पर्खिनपर्ने बताए । *रासस*



**जयनगर-बर्दिवास रेल्वेतर्फ अब वर्गीकरणमा भएको त्रुटि सच्चिएपछि ट्र्याक निर्माण अघि बढ्ने वातावरण बनेको बर्दिवास नगरपालिका प्रमुख प्रह्लादकुमार क्षत्रीको भनाइ छ ।**

## काभ्रे-कोशीपूर्वका दुई सडक स्तरोन्नति गरिँदै

काभ्रेपलाञ्चोक । काभ्रेपलाञ्चोकको कोशीपूर्वका दुई सडक स्तरोन्नति भइरहेका छन् । अरनिको राजमार्गसँग जोडिएको दोलालघाट-फलाँटे-कोलाँती-पोखरीचौरी-गुराँसे खण्डअन्तर्गत दोलालघाट-फलाँटे-कोलाँती खण्ड र सोही खण्डसँग जोडिएको भुम्लु गाउँपालिकास्थित हबेली-सापिङ-सिम्थली-बेखसिम्ले-वाफल खण्ड स्तरोन्नति भइरहेको हो ।

बागमती प्रदेश सरकारको ग्रामीण सडक सञ्जाल सुधार आयोजना (एएफ) आयोजना कार्यान्वयन इकाइ, भक्तपुरमार्फत ६ दशमलव पाँच किलोमिटर सडक विस्तार भइरहेको आयोजना कार्यालयले जनाएको छ । गत असोजको बाढीपहिरोले करीब एक दशमलव पाँच किमी सडक क्षतिग्रस्त बनाएपछि उक्त क्षेत्रमा नयाँ डिजाइन गर्नुपर्ने आयोजना कार्यालयका कार्यक्रम व्यवस्थापक उषेश श्रेष्ठले जानकारी दिए । नयाँ डिजाइन नहुँदासम्म यो क्षेत्रमा काम गर्ने अवस्था नरहेको उनको भनाइ छ ।

श्रेष्ठका अनुसार विस्तारित सडकमा हाल नाली, टेवा पर्खाल, ग्याबिन निर्माण अन्तिम चरणमा पुगेको छ । आगामी सातादेखि ग्रेडिङको काम गर्नेगरी निर्माण कम्पनीले तयारी गरिरहेको उनले बताए । एसियाली विकास बैंक (एडिबी)को लगानीमा बन्धन-भगवती निर्माण कम्पनीले २०८० चैत १३ गते दुई वर्षमा सम्पन्न गर्नेगरी १२ करोडमा ठेक्का लिएको थियो ।



हालसम्म २५ प्रतिशत आर्थिक प्रगति र ४० प्रतिशत भौतिक प्रगति भएको आयोजना कार्यालयले जनाएको छ । चालू आर्थिक वर्षभित्र 'अस्फाल्ट' प्रविधिबाट कालोपत्र गर्ने तयारी गरिएको निर्माण कम्पनीले जनाएको छ । यसैबीच, गत साता बागमती प्रदेशसभाका सांसद लक्ष्मण लम्सालले निर्माणाधीन सडक अनुगमन गरी तोकिएको समयभित्रै काम सम्पन्न गर्न आयोजना तथा निर्माण कम्पनीका प्रतिनिधिलाई आग्रह गरेका थिए ।

हबेली-सापिङ-सिम्थली-बेखसिम्ले-वाफल सडकअन्तर्गत हबेली-सापिङ खण्डमा कालोपत्र शुरू गरिएको छ । प्रदेश सरकारको बजेटबाट स्तरोन्नति थालिएको हो, जसअनुसार आइतवारदेखि कालोपत्र बिछ्याउने काम थालिएको निर्माण कम्पनीका व्यवस्थापक प्रदीप गौतमले जानकारी दिए । उनका अनुसार पहिलो चरणमा तीन किमी २०० मिटर अस्फाल्ट प्रविधिबाट कालोपत्र र चार सय मिटर ढलानको काम हुनेछ । नौ करोड ३२ लाख ६५ हजार ५०० मा पूर्वाधार विकास कार्यालय धुलिखेलले गत मङ्सिरमा पिएसके-एभरेष्ट जेभीसँग ठेक्का सम्झौता गरेको थियो । *रासस*

# केराखेतीबाट याममै तीन लाख कमाउँछन् पर्शुराम

**वैदेशिक रोजगारीमा १७ वर्ष बसेर स्वदेश फर्केपछि पर्शुरामले व्यावसायिक केराखेती शुरू गरेका हुन् । खेतीबाट मनग्गे आम्दानी हुन थालेपछि खेतीको क्षेत्रफल विस्तार गरी १५ कठ्ठा बनाएको उनले बताए ।**

झापा । मेचीनगर नगरपालिका-८ का पर्शुराम गिरीले दुई वर्षदेखि व्यावसायिक केराखेती गर्दै आएका छन् । करीब १० कठ्ठा जमीनमा खेती शुरू गरेकाले एक याममा तीन लाख आम्दानी गरिरहेका छन् । वैदेशिक रोजगारीमा १७ वर्ष बसेर स्वदेश फर्केपछि गिरीले व्यावसायिक केराखेती शुरू गरेका हुन् । खेतीबाट मनग्गे आम्दानी हुन थालेपछि खेतीको क्षेत्रफल विस्तार गरी १५ कठ्ठा बनाएको उनले उल्लेख गरे । आगामी दिनमा थप खेती विस्तार गर्ने योजनासहित पाँच बिघा जमीन खोजी गरिरहेको उनले बताए ।

गिरीले 'जि-नाइन' जातको केराका ६०० बोट लगाएको जानकारी दिँदै यो केराको कोसा पोटिलो, ठूलो र पाकेपछि अरूभन्दा स्वादिलो हुने बताए । 'रुखोपाखो जग्गा भएकाले धान रोप्दा १० हजार नाफा हुँदैनथ्यो,' उनले भने, 'अहिले केरा बेचेर एक याममा तीन लाख आम्दानी भइरहेको छ ।' खनजोत, मल, रोग, कीराको नियन्त्रणलगायतमा करीब रू. एक लाख खर्च हुने जनाउँदै उनले हरेक याममा दुई लाख बचत गरिरहेको उल्लेख गरे ।

मेचीनगर, अर्जुनधारा, गौरीगञ्ज, कचनकबल, गौरादह, बाह्रदशी, कमल र भद्रपुरमा एक हजार ९०० हेक्टर क्षेत्रफलमा व्यावसायिक केराखेती भइरहेको जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएको छ । सामान्यतया केराको बोट नौ महीनामा पसाउने र एक वर्षभित्रै उत्पादन दिने गरेको छ ।

यहाँ उत्पादित केरा स्थानीय बजारबाहेक काठमाडौं, पोखरासम्म पुग्ने गरेको किसान बताउँछन् । केराखेतीमा लागेका अधिकांश किसान मेचीनगरका पर्शुराम गिरी जस्तै वैदेशिक रोजगारीबाट फर्केका छन् । पाँच कठ्ठादेखि ५० बिघासम्म जमीनमा केराखेती लगाउने किसान जिल्लामा रहेको केन्द्रले जनाएको छ ।



विसं २०६० मा बाह्रदशीका डम्बर पाहिमले १० बिघा क्षेत्रफलमा पहिलोपटक व्यावसायिक केराखेती शुरू गरेका थिए । त्यसपछि झापा गाउँपालिका-३ का चन्द्रबहादुर बस्नेतले इजरायलबाट फर्केर ३० बिघा जग्गामा केराखेती गरेपछि अन्य क्षेत्रमा पनि यसको अनुकरण हुन थालेको पाहिमले बताए ।

विसं २०७१ मा जिल्लामा ३० हेक्टर क्षेत्रफलमा मात्र व्यावसायिक केराखेती हुने गरेको कृषि ज्ञान केन्द्रको तथ्यांकमा उल्लेख छ । हाल क्षेत्रफल विस्तार भएर जिल्लामा एक हजार ९०० हेक्टरमा व्यावसायिक खेती भइरहेको भन्दै जिल्लामा वार्षिक ३७ हजार मेट्रिक टन केरा उत्पादन हुने गरेको कृषि ज्ञान केन्द्रले जनाएको छ । प्रतिघरी पाँच सयदेखि सात सयसम्ममा बोटबाटै विक्री हुने गरेको कृषक गिरीले बताए । कम मेहनत र पूँजीमा छिटो र बढी आम्दानी दिने भएकाले किसानको आकर्षण बढ्न थालेको उनको धारणा छ ।

खेती विस्तार, प्राविधिक ज्ञानलगायत क्षेत्रमा स्थानीय सरकार, ज्ञान केन्द्र तथा अन्य सरोकार भएका निकायले अनुदान दिने, बजारीकरणमा सहजीकरण गर्ने, कृषि बिमामा सहयोगलगायत कार्यक्रम सञ्चालन गरेपछि केराखेतीतर्फ किसान आकर्षित भएको गिरीले बताए । उनका अनुसार मल, सिँचाइ, हुरी, कीराको सङ्क्रमण, उचित उपचारको अभावलगायत कारणले केराखेतीमा चुनौती थपिँदै गएको छ । *रासस*



तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान

**काठमाडौंको रत्नपार्क टुँडिखेल क्षेत्रमा गाडी कम भएको अवस्थामा कोही पैदलयात्री ओभरहेड ब्रिजबाट र कोही सडकबाटै वारपार गर्दै ।**

# भिजन लुम्बिनी ऊर्जा कम्पनीलाई आइएसओ प्रमाणपत्र

काठमाडौं (अस) । भिजन लुम्बिनी ऊर्जा कम्पनी लिमिटेडले अन्तरराष्ट्रिय गुणस्तर चिह्न र प्रमाणपत्र प्राप्त गरेको छ । अन्तरराष्ट्रिय मापदण्ड पूरा गरेकाले कम्पनीले आइएसओ ९००१-२०१५ प्राप्त गरेको हो । बेलायतमा रहेको स्टानचुली म्यानेजमेन्ट एण्ड सर्भिसेजको वोर्डले भिजन लुम्बिनीको आर्थिक, प्रशासनिक, कार्यसम्पादन, परियाजनाको विकास तथा डिजाइन, निर्माण लगायतको मुल्यांकन गरेर प्रमाणपत्र प्रदान गरेको कम्पनीका कार्यकारी निर्देशक जगत पोखरेलले जानकारी दिए ।



**कम्पनीले प्रमाणपत्र ग्रहणका लागि आइतवार आयोजना गरेको कार्यक्रममा उनले कम्पनी सञ्चालनमा विश्वस्तरको मुल्य मान्यता र मापदण्ड पालना गर्न भिजन लुम्बिनी प्रतिबद्ध रहेको बताए ।**

कम्पनीले प्रमाणपत्र ग्रहणका लागि आइतवार आयोजना गरेको कार्यक्रममा उनले कम्पनी सञ्चालनमा विश्वस्तरको मुल्य मान्यता र मापदण्ड पालना गर्न भिजन लुम्बिनी प्रतिबद्ध रहेको बताए । धेरै जनाको लगानी रहेको कम्पनी भएकाले पनि यस कम्पनीले पारदर्शिता र सुशासनलाई केन्द्रमा राखेको उनको भनाइ थियो ।

कार्यक्रममा स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) का अध्यक्ष गणेश कार्कीले भिजन लुम्बिनीले जस्तै सबै ऊर्जा कम्पनीले यस्तो प्रमाणपत्र लिनुपर्नेमा जोड दिए । ऊर्जा कम्पनीहरूले अन्तरराष्ट्रिय मापदण्ड पालना गर्ने प्रवृत्तिको विकास गरियो भने ऊर्जा क्षेत्रमा देखिएको आशंका र आलोचनालाई न्यूनीकरण गर्न सहयोग पुग्ने उनको भनाइ थियो ।

सो अवसरमा प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले देशमा विश्वसनीय, पारदर्शी र अन्तरराष्ट्रिस्तरमा काम गर्ने कम्पनीहरू पनि छन् भन्ने सन्देश दिन भिजन लुम्बिनी सक्षम भएको बताए । कार्यक्रममा प्रमाणपत्र प्रदानका लागि मुल्यांकनको जिम्मेवारी लिएको संस्थाका प्रतिनिधि सन्तोष गिरीले तीन महीनासम्म कम्पनीको सर्वपक्षीय मुल्यांकन गरेर मात्रै अन्तरराष्ट्रिय गुणस्तर चिह्न र प्रमाणपत्र प्रदान गरिएको जानकारी दिए ।

# सानिमा बैंकका कार्ड प्रयोगकर्तालाई एपोलो अस्पतालमा छूट

काठमाडौं (अस) । सानिमा बैंकले आफ्ना ग्राहकलाई भारतको एपोलो अस्पतालमा छूट प्रदान गर्न एच मेडिकल एण्ड डायग्नोस्टिक प्रालिसँग सहकार्य गरेको छ । सानिमा भिसा डेबिट/क्रेडिट कार्ड प्रयोगकर्ताले एपोलो अस्पतालमा डिजिटल भुक्तानी गर्दा अन्तिम बिलमा १० प्रतिशतको छूट प्राप्त गर्न सक्नेछन् ।




चेन्नई, बैंगलोर, नवी मुम्बई, अहमदाबाद र कोलकातामा रहेको अपोलो अस्पताल, चेन्नईमा रहेको अपोलो क्यान्सर इन्स्टिच्युट, हैदराबादमा रहेको अपोलो हेल्थ सिटी, नयाँ दिल्लीमा रहेको इन्द्रप्रस्थ अपोलो अस्पताल र चेन्नईमा रहेको अपोलो प्रोटोन क्यान्सर सेन्टरमा छूट प्राप्त गर्न सकिनेछ । ग्राहकले छूटका लागि अस्पताल जानुअघि बैंक वा एच मेडिकल एण्ड डायग्नोस्टिकलाई जानकारी गराउनुपर्नेछ । बैंकले १३४ शाखा कार्यालय तथा १२६ एटीएम सञ्चालनमा रहेका छन् । बैंकले यसैगरी ग्राहकलाई विभिन्न छूट तथा अफर प्रदान गरी डिजिटल भुक्तानीको अधिकतम प्रयोग गर्न प्रोत्साहन गर्दै आएको छ ।

# दाङका किसान खेतीमा यन्त्रको प्रयोग बढाउँदै

देउखुरी (दाङ) । यहाँका किसानलाई नगदेबाली भित्र्याउन भ्याइनभ्याइ छ । किसान गहुँ, जौ, तोरी र मुसुरो थन्क्याउन व्यस्त छन् । अधिकांश किसानले यन्त्र प्रयोग गरेर बाली भित्र्याउने गरेका छन् । घोराही उपमहानगरपालिका-६ गुरुवागाउँका श्याम चौधरीले दुई बिघा खेतमा तोरी, मुसुरो, गहुँ र जौखेती गरेका छन् । उनले खेत जोत्ने र बाली भित्र्याउने यन्त्र प्रयोग गर्दै आएका छन् ।



'खेतबारीमा काम गर्ने खेताला पाइँदैन, यन्त्रको सहायताले खेती गर्न सजिलो भएको छ । तोरीखेती गर्न हाते ट्र्याक्टरले खेत जोतेको हुँ । थ्रेसरले दाइँ गरेर तोरी, गहुँ र मुसुरो भित्र्याएको छु,' उनले भने । यन्त्रको प्रयोगले खेती गर्न सजिलो भएको उनको भनाइ छ ।

घोराही-१७ कर्जाहीका आशाराम चौधरीले पनि थ्रेसरको प्रयोग गरेर जौ, गहुँ र तोरी दाएको बताए । 'खेताला लगाउँदा चार-पाँच दिन लाग्थ्यो अब थ्रेसरको सहायताले सजिलो भएको छ । थ्रेसरका माध्यमबाट कम समयमा धेरै काम हुने भएकाले किसानलाई राहत मिलेको छ,' उनले भने ।

घोराही उपमहानगरपालिकाले हाते ट्र्याक्टर, थ्रेसर, मल छर्ने मेसिन, सिँचाइका उपकरण अनुदानमा वितरण गर्दै आएको नगरप्रमुख नरुलाल चौधरीले बताए । उनले भने, 'मागका आधारमा थ्रेसरलगायत उपकरण पालिकाले आधा सुविधामा वितरण गर्दै आएको छ ।' *रासस*

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

## तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८१/१२/२५ गते)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वितीय संस्था सम्वन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पति जहाँ, जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने ब्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**शाखा कार्यालय : चाबहिल, काठमाण्डौ**

**ऋणीको विवरण**

नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग बबरमहल, काठमाण्डौमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०६५/०९/०२ मा दर्ता नं. ८५८६९/०६५/६६ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. २४ स्थित **आज्ञा इन्टरनेशनल** **प्रोप्राइटर:नरेन्द्र राज मिश्र**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. भक्त राज मिश्रको नाति, कृष्ण राज मिश्रको छोरा, काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **नरेन्द्र राज मिश्र (ना.प्र.प.नं. ३०९३/१५८६०, काठमाण्डौ)**
२. कृष्ण राज मिश्रको बुहारी, नरेन्द्र राज मिश्रको पत्नी, काठमाण्डौ जिल्ला, कपन गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **रजनी शर्मा (ना.प्र.प.नं. १६२६/०४६, काठमाण्डौ)**
३. कृष्ण राज मिश्रको नाति, नरेन्द्र राज मिश्रको छोरा, ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **अभिषेक राज मिश्र (ना.प्र.प.नं. २८-०१-७३-०००१४, ललितपुर)**

**शाखा कार्यालय : सरावल, नवलपरासी**

**ऋणीको विवरण**

राम बहादुरको नाति, बल बहादुर क्षेत्रीको छोरा, नवलपरासी जिल्ला, रामनगर गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **थम बहादुर क्षेत्री (ना.प्र.प.नं. ५२०६८, नवलपरासी)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. बल बहादुर क्षेत्रीको बुहारी, थम बहादुर क्षेत्रीको पत्नी, नवलपरासी जिल्ला, रामनगर गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **सावित्री क्षेत्री (ना.प्र.प.नं. ८०९७०, नवलपरासी)**
२. बल बहादुर क्षेत्रीको नाति, थम बहादुर क्षेत्रीको छोरा, नवलपरासी जिल्ला, रामनगर गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **चन्द्रराज क्षेत्री (ना.प्र.प.नं. ३६-०१-७३-०७०३५, नवलपरासी)**

**शाखा कार्यालय : मलंगवा, सर्लाही**

**१. ऋणीको विवरण**

प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उधोग कार्यालय सर्लाही, मलंगवामा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७७/०९/१२ मा दर्ता नं. ९८२४/०७७/०७८ कायम भई दर्ता भएको सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. १० स्थित **मा दुर्गा विजुली पसल** **प्रोप्राइटर:अनिता देवी**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. मोहन रायको बुहारी, अरुण कुमार रायको पत्नी, सर्लाही जिल्ला मलंगवा न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **अनिता देवी (ना.प्र.प.नं. १९-०१-७५-१२६८४, सर्लाही)**
२. बासुदेव रायको बुहारी, मोहन रायको पत्नी, सर्लाही जिल्ला मुसैली गा.वि.स. वडा नं. ९ स्थित स्थायी ठेगाना भई हाल मलंगवा न.पा. वडा नं ७ बस्ने **मोहर वती देवी (ना.प्र.प.नं. ६३७०९१२४७, सर्लाही)**
३. बासुदेव रायको नाति, मोहन रायको छोरा, सर्लाही जिल्ला मुसैली गा.वि.स. वडा नं. ९ स्थित स्थायी ठेगाना भई हाल मलंगवा न.पा. वडा नं ७ बस्ने **अरुण कुमार राय (ना.प्र.प.नं. ६९७०१६२४, सर्लाही)**
४. कुमर रायको नाति, बासुदेव रायको छोरा, सर्लाही जिल्ला मुसैली गा.वि.स. वडा नं. ९ स्थित स्थायी ठेगाना भई हाल मलंगवा न.पा. वडा नं ७ बस्ने **मोहन राय (ना.प्र.प.नं. १९-६३७०९०९३५, सर्लाही)**

**२. ऋणीको विवरण**

गोपालजी झा बाहुनको बुहारी, प्रविन्द झाको पत्नी, सर्लाही जिल्ला मधुवनी गा.वि.स. वडा नं. ९, स्थित स्थायी ठेगाना भएको **रिंकु कुमारी देवी (ना.प्र.प.नं.: ६५५१३८२, सर्लाही)**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

पंचानन्द झाको नाति, गोपालजी झा बाहुनको छोरा, सर्लाही जिल्ला मधुवनी गा.वि.स. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **प्रविन्द झा (ना.प्र.प.नं.: ५६५५१०३८, सर्लाही)**

**शाखा कार्यालय : लमही, दाङ**

**ऋणीको विवरण**

लक्ष्मन दमाईको नाति, मोहन दमाईको छोरा, दाङ जिल्ला, गोवरडिहा गा.वि.स/न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **शोभाराम परियार (ना.प्र.प.नं. ५२२००१/३१६३, दाङ)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. लक्ष्मन दमाईको नाति, मोहन दमाईको छोरा, दाङ जिल्ला, गोवरडिहा गा.वि.स/न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **बसन्त परियार (ना.प्र.प.नं. ५२२००१/३१६२, दाङ)**
२. हर्क बहादुर दमाईको नाति, लक्ष्मन दमाईको छोरा, दाङ जिल्ला, गोवरडिहा गा.वि.स/न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **मोहन दमाई (ना.प्र.प.नं. ५२२००१/२२६, दाङ)**
३. लक्ष्मन दमाईको बुहारी, मोहन दमाईको पत्नी, दाङ जिल्ला, गोवरडिहा गा.वि.स/न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **धन कुमारी दमाई (ना.प्र.प.नं. ५२२००१/१२७१, दाङ)**

**शाखा कार्यालय : गौशाला, महोत्तरी**

**१. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन २०६३ को दफा ५ को उपदफा १ बमोजिम मिति २०७९/०९/१९ मा दर्ता नं. ३०४८५६/०७९/०८० कायम भई दर्ता भएको महोत्तरी जिल्ला, गौशाला न.पा. वडा नं. १ स्थित **कृतिशा बहुउद्देश्य कृषि फार्म प्रा.लि.**

**२. ऋणीको विवरण**

बखत बहादुर श्रेष्ठको नाति, इन्द्र बहादुर श्रेष्ठको छोरा, महोत्तरी जिल्ला, रामनगर गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको कृष्ण वहादुर श्रेष्ठ (ना.प्र.प.नं. ०४९५२१४६, महोत्तरी)

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. बखत बहादुर श्रेष्ठको नाति, इन्द्र बहादुर श्रेष्ठको छोरा, महोत्तरी जिल्ला, रामनगर गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **कृष्ण वहादुर श्रेष्ठ (ना.प्र.प.नं. ०४९५२१४६, महोत्तरी)**
२. इन्द्र बहादुर श्रेष्ठको बुहारी, कृष्ण बहादुर श्रेष्ठको पत्नी, महोत्तरी जिल्ला, गौशाला न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **रितु कुमारी राज (ना.प्र.प.नं. २०६,(सिराहा)/महोत्तरी)**
३. इन्द्र बहादुर श्रेष्ठको नाति, कृष्ण बहादुर श्रेष्ठको छोरा, महोत्तरी जिल्ला, रामनगर गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **सशिमान श्रेष्ठ (ना.प्र.प.नं. १८२०७१/८२८, महोत्तरी)**
४. कृष्ण बहादुर श्रेष्ठको बुहारी, सशिमान श्रेष्ठको पत्नी, सिन्धुली जिल्ला, कमलामाई न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **अशिन श्रेष्ठ (ना.प्र.प.नं. २०-०१-७१-०२९२९, सिन्धुली)**

**नोट: माथि उल्लेखित शाखा कार्यालय गौशाला, महोत्तरीको दुबै ऋणीहरुको लागि व्यक्तिगत जमानतकर्ताहरुको विवरण एकै भएको ।**

**शाखा कार्यालय : बि.पि. चोक पोखरा, कास्की**

**ऋणीको विवरण**

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७६/०४/०७ मा दर्ता नं. २१९३३६/०७६/०७७ कायम भई दर्ता भएको कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ७ स्थित **दिव्यंका ट्रान्सपोर्टेसन प्रा.लि.**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. रामेश्वर ठाकुर हजामको नाति, राम किसुन ठाकुर हजामको छोरा, सिराहा जिल्ला, वडहरामाल गा.वि.स/न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **मनोज कुमार ठाकुर (ना.प्र.प.नं. १५१०८८/११०, सिराहा)**
२. अयोधी ठाकुरको नाति, रामेश्वर ठाकुर हजामको छोरा, धनुषा जिल्ला, मानसिंहपट्टी गा.वि.स/न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **रामा किसुन ठाकुर हजाम (ना.प्र.प.नं. ६०६५१०६१, धनुषा)**
३. अयोधी ठाकुरको बुहारी, राम किसुन ठाकुर हजामको पत्नी, सिराहा जिल्ला, वडहरामाल गा.वि.स/न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **वनारसी देवि ठाकुर (ना.प्र.प.नं. १५३०८८/४, सिराहा)**
४. रामेश्वर ठाकुर हजामको नाति, राम किसुन ठाकुर हजामको छोरा, सिराहा जिल्ला, कर्जन्हा गा.वि.स/न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **शिव कुमार ठाकुर (ना.प्र.प.नं. १५-०१-७६-१०८९४, सिराहा)**
५. मान ध्वज रोकाहाको नाति, छवि लाल रोकाहाको छोरा, स्याङ्जा जिल्ला, खिलुङ दे. गा.वि.स/न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **लाल बहादुर रोकाहा (ना.प्र.प.नं. ८७७९७, स्याङ्जा)**

राजनीतिक अर्थशास्त्रका सिद्धान्तहरूको सबैभन्दा ठूलो खोज भनेको स्वतन्त्र व्यापारले सबै राष्ट्रलाई लाभ पुऱ्याउँछ भन्नु हो ।

**- डेभिड रिकार्डो**

सम्पादकीय

# प्रयोगशाला मान्यताको प्रभाव

नेपालले भारतमा गर्ने निर्यातमा हुने विभिन्न खालका गैरभन्सार अवरोधमध्ये एक मानिएको प्रयोगशालामा परीक्षणसम्बन्धी समस्या १० ओटा खाद्यसमूहअन्तर्गतका वस्तुका लागि भने अब सहज हुने भएको छ। भारतले ती १० वस्तुका लागि नेपालको नेशनल फुड एन्ड फिड ल्याबोरेटरी (एनएफएफआरएल) मा गरिएको नमूना परीक्षण प्रयोगशालाको परीक्षणलाई मान्यता दिएकाले यस्तो अवस्था आएको हो । यसरी केही वस्तुका लागि भए पनि प्रयोगशालाको समस्या हट्नु निकै सकारात्मक कदम हो। तर, नेपालले औद्योगिक वस्तुका लागि समेत यस्तै अन्तरराष्ट्रिय मान्यताप्राप्त प्रयोगशाला बनाउन आवश्यक छ।

भारतको खाद्यसुरक्षा र मापदण्ड प्राधिकरण (फुड सेफ्टी एन्ड स्ट्यान्डर्डस् अर्थोरिटी अफ इन्डिया–एफएसएसएआई) ले नेपालको उक्त खाद्य प्रयोगशालालाई आपसी मान्यता दिने निर्णय गरेको हो । यसअघि भारतीय प्रयोगशालाबाट प्रमाणित गर्नुपर्ने अवस्था थियो। अहिले पनि अन्य वस्तुको हकमा त्यस्तै अवस्था छ। यस्तो प्रमाणपत्र लिन समय लाग्दा भन्सार नाकामै लामो समयसम्म नेपाली वस्तु अड्किने गरेको छ। यदि भारतले अन्य गैरभन्सार अवरोध खडा गरेन अब १० कृषि वस्तुका हकमा भने यो समस्या हट्ने देखिन्छ। यद्यपि गैरभन्सार अवरोधमा यो मात्र होइन, अन्य विषय पनि छन्।

फ्याट्स एन्ड आयल, फ्रुट्स एन्ड भेजिटेबल, सिरियल्स् प्रोडक्ट्स (चामल, गहुँ, मकै, कोदो), टी एन्ड कफी, मिल्क एन्ड डेरी प्रोडक्ट्स, हनी एन्ड स्वीटनरर्स, मिट प्रोडक्ट, स्पाइसेज, प्रोसेस्ड ड्रिकिङ वाटर, डायटरी सप्लिमेन्ट्सका हकमा यस्तो सहज अवस्था आएपछि अन्य समूहका वस्तुमा भने यो समस्या यथावत् नै छ। नेपालमा अन्तरराष्ट्रिय स्तरको प्रयोगशाला नभएको र भएको प्रयोगशालाले पनि मान्यता नपाएको अवस्थामा अब थप प्रयोगशाला निर्माणमा सरकारको ध्यान जानु आवश्यक छ। भारतमा अहिले अर्ग्यानिक तरकारीको माग रहेको र नेपाली हरिया तरकारी त्यहाँ निर्यात गर्न सकिने अवस्था आएको छ। तर, यसका लागि नेपालले अर्ग्यानिक तरकारी उत्पादनमा विशेष कार्यक्रम ल्याउन आवश्यक छ र अर्ग्यानिक तरकारी भनेर प्रमाणीकरण गर्न आवश्यक छ। तरकारीमा विषादी र हानिकारक कीटाणुरहित भएको प्रमाणित

- नेपालबाट चीनतर्फ भैंसीको मासु निर्यातका लागि यही प्रमाणीकरणको समस्या आउन सक्ने देखिन्छ ।
- गैरभन्सार अवरोध हटाउन कूटनीतिक र प्रशासनिक पहल हुनुपर्छ ।
- नेपालले प्रयोगशाला आदि पूर्वाधार निर्माणमा पनि ध्यान दिनु आवश्यक छ ।

नभई कुनै पनि देशले अर्को देशको उत्पादन आयात गर्न दिँदैनन्। त्यसैले यस्तो प्रयोगशालालाई अझ आधुनिक र विश्वसनीय बनाउँदै लैजानुपर्ने हुन्छ।

औद्योगिक उत्पादनमा ब्यूरो अफ इन्डियन स्टयान्डर्ड (बीआईएस) को मापदण्ड पूरा नगरे भारत निर्यात गर्न पाइँदैन। नेपालको गुणस्तरलाई उसले मान्यता नदिएकाले यस्तो मापदण्ड पूरा गरेको प्रमाणित गर्न भारतको प्रयोगशालामा नमूना पठाउनुपर्ने बाध्यता छ। यसले गर्दा सिमेन्ट, प्लाइउड आदि निर्यातमा भारतमा अवरोध हुने गरेको छ। भारतले प्रमाणपत्र दिन ढिला गर्दा सीमामा सामान रोकिने र यसले गर्दा व्यवसायीको लागत बढ्ने देखिन्छ। यस्मा पनि नेपाली प्रयोगशालाको परीक्षणलाई मान्यता दिने हो भने निर्यात निकै सहज हुन्छ। गैरभन्सार अवरोध नेपालको निर्यात व्यापारको एउटा ठूलो समस्या भएकाले यसको समाधान हुने हो भने निर्यात बढ्न सक्छ र व्यापारघाटा केही कम गर्न सकिन्छ।

समस्या भारत निर्यातमा मात्रै छैन, उत्तरी छिमेक चीनतर्फ पनि छ। चीनका राष्ट्रपति सी चिन फिङ नेपाल भ्रमणमा आउँदा अम्लीय फलफूल निर्यातका लागि सम्झौता भएको थियो । तर, स्यानिटरी र फाइटो स्यानिटरी परीक्षणसम्बन्धी प्रयोगशाला र प्रमाणीकरण नहुँदा यसको निर्यात गर्न अझै सकिएको छैन। खरीदका लागि चिनियाँ व्यापारीले चासो देखाएको भनिए पनि निर्यात भने भएको छैन। त्यस्तै नेपालको चिया आयात गर्न चिनियाँ व्यापारी उत्सुक भए पनि चिया निर्यात बढाउन सकिएको छैन।

नेपालले विभिन्न वस्तु निर्यातका लागि पनि प्रयोगशाला परीक्षण नहुँदा वा मान्यता नपाउँदा समस्या भएको छ। गैरभन्सार अवरोध हटाउन कूटनीतिक र प्रशासनिक पहल हुनुपर्छ। नेपालले प्रयोगशाला आदि पूर्वाधार निर्माणमा पनि ध्यान दिनु आवश्यक छ। नेपालबाट भैंसीको मासु निर्यातका लागि ठूलो लगानी गर्ने तयार भइरहेको छ र ठूलो परिमाणमा आयात गर्न चीन राजी भएको छ। तर, यसमा पनि यही प्रमाणीकरणको समस्या आउन सक्ने देखिन्छ। त्यसैले थप अन्तरराष्ट्रिय प्रयोगशाला बनाउन सरकारको सक्रियता आवश्यक देखिन्छ।

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

## घरजग्गा व्यवसायमा ३३ प्रतिशत वृद्धि

आर्थिक वर्ष २०६८/६९ को अघिल्लो ६ महीनाको तुलनामा चालू आवको सोही अवधिमा घरजग्गा व्यवसायमा निकै सुधार आएको छ। गत आवको समीक्षा अवधिको तुलनामा चालू आवको सोही अवधिमा घरजग्गा व्यवसाय ३३ प्रतिशतले बढेको आवास तथा घरजग्गा व्यवसायी सङ्घका अध्यक्ष इच्छाराज तामाङले अभियानलाई बताए।

'विभिन्न जिल्लाका व्यवसायीहरूले व्यवसाय बढेको खबर गरेका छन्,' उनले भने, 'मालपोत कार्यालयहरूको तथ्याङ्कले समेत व्यवसाय बढेको देखाएको छ।' चालू आवको साउनदेखि पुस मसान्तसम्मको अवधिमा घरजग्गा किनबेचबाट रू. २ अर्ब २७ करोड राजस्व सङ्कलन भएको भूमिसुधार व्यवस्था विभागले बताएको छ। गत आवको सोही अवधिमा उक्त शीर्षकबाट रू. १ अर्ब ९० करोड मात्र राजस्व सङ्कलन भएको थियो।

वर्ष ८, अंक १५३, मङ्गलवार, ८ फागुन, २०६९

# जलवायु परिवर्तन र गरीबी

## विकास र विनाशमा सन्तुलन आवश्यक



**विश्वका सबै नीतिनिर्माताले गरीबी र जलवायु परिवर्तनको अन्तरसम्बन्धलाई आत्मसात् गर्दै विकासमा नवीकरणीय प्रविधिको अवलम्बन गर्ने, वित्तीय सहकार्य गर्ने र त्यसमा गरीबको पहुँच सुनिश्चित गर्नुका साथै वातावरणमैत्री जीवनयापनलाई व्यावहारिकता प्रदान गरिनु जरूरी छ ।**

डा. लोकनाथ भुसाल

जल र वायु मिलेर बन्ने जलवायु मानव र अन्य सबै जीवित प्राणी र वनस्पतिलाई नभई हुने वस्तु हो। आधुनिक विकासले जलवायु बिगारेको छ अर्थात् पृथ्वीको जलवायु परिवर्तन भएको छ । यसको अर्थ वातावरण प्रतिकूल हुँदै जानु हो । यसरी जलवायु परिवर्तन गरी गरिएको विकासको फाइदा विश्वका थोरै देशले लिएका छन् भने परिवर्तनका नकारात्मक प्रभावहरूको सामना सबैले गर्नु परिरहेको अवस्था छ। यो मानवीय संकट मान्छेले निम्ता दिएर आएको हो । यसको समाधान गर्ने जिम्मेवारी पनि मानिसकै हो । मानिसले चाहे यो सम्भव पनि छ । त्यसैले विकास र वातावरणको नयाँ सन्तुलन विन्दुको खोजी गर्नुपर्ने आवश्यकता देखिएको छ।

### जलवायु परिवर्तनको असर

विकास प्रक्रियामा सञ्चालनमा आउने उद्योगधन्दा, यातायातलगायत साधनमा प्रयोग हुने कोइला र जैविक ऊर्जाबाट उत्सर्जन हुने कार्बनले विश्वव्यापी तापमानमा वृद्धि हुँदा जलवायुमा परिवर्तन आउने गरेको छ। यस्तो परिवर्तनले अतिवृष्टि, अनावृष्टि, खडेरी, बेमौसमी वर्षा, आगलागी, हिमालको हिउँ पग्लले लगायत नकारात्मक असरहरू देखापरेका छन्। यसले, खेतीपाती, जनजीवन, अर्थतन्त्र र पर्यावरणमा गम्भीर प्रभाव पारिरहेको छ। खाद्य असुरक्षा र कुपोषण बढिरहेको छ । प्राणवायुमा धूँवा, धूलो खतरनाक कीटाणुहरू मिसिएको छ। अहिले हानिकारण धूँवाको मसिना कणले गर्दा मुलुकभरि नै समस्या भइरहेको छ । काठमाडौं उपत्यकालगायत शहरमा हजारौं मानिस वायुप्रदूषणका कारण रोगी भएर अस्पताल आउन थालेको र यस्तो संख्या बढिरहेको अस्पतालहरूको भनाइ छ।

माल्दिभ्सजस्ता जलपरिवेष्टित देश डुब्ने क्रममा छन् भने प्राकृतिक प्रकोपका घटनाहरू विश्वव्यपी रूपमा बढ्दो क्रममा रहेका छन् । पर्यावरणीय असन्तुलन बढदो छ। गरीबी, विपन्नता र रोगका नयाँ नयाँ स्वरूपहरूको सामना गर्नु परिरहेको छ। नेपालमा यसै वर्षको दशैंपछि परेको बेमौसमी वर्षालाई जलवायु परिवर्तनको परिणामका रूपमा लिने गरिएको छ।

### असर कम गर्न भएका विश्वव्यापी प्रयास

यस्ता नकारात्मक प्रभावहरू कम गर्न विश्वव्यापी प्रयासहरू विगत २६ वर्षदेखि जारी छन् र संयुक्त राष्ट्रसंघले यसको नेतृत्व गरिरहेको छ। भर्खरै सम्पन्न कोप-२६ सम्मेलन यसैको निरन्तरता हो। तर, विगत २६ वर्षका प्रयासले जलवायु परिवर्तनसम्बन्धी जनचेतनाको विकास भए तापनि प्रविधि र जीवनशैलीमा आमूल परिवर्तन गरी विश्वव्यापी तापमान उल्लेखनीय तरीकाले घटाउन सकिएको छैन । जसले गर्दा विशेषतः गरीब समुदाय जलवायु परिवर्तनका नकारात्मक प्रभावको शिकार हुने गरेका छन् । उनीहरूको जीवनयापनमा नयाँनयाँ चुनौती थपिएका छन्।

### कारण र परिणाम

जलवायु परिवर्तन र गरीबीको परस्पर अन्तरसम्बन्ध रहेको छ। वास्तवमा गरीबी जलवायु परिवर्तनका कारण र परिणाम दुवै हो। यो कारण हो किनभने गरीब समुदायलाई जीविकोपार्जनका लागि बढी मात्रामा प्राकृतिक साधनस्रोतमाथि निर्भर रहनुपर्ने बाध्यता रहने गर्छ । विपन्न, सुकुमबासीलगायतमा गरीबहरूले वन-जंगल फँडानी गरेर बसोवास गर्ने, जैविक उर्जाको प्रयोग गर्नेलगायत कारणले विश्वव्यापी रूपले वनजंगलको विनाश भइरहेको छ। उनीहरूका क्रियाकलापले वातावरणमा प्रतिकूल प्रभाव परिरहेको छ । पूँजीवादी विकास प्रकियामार्फत गरिने गरीबी निवारणले पनि वातावरण बिगारेको छ। बेइजिङ र दिल्ली शहरमा वायुप्रदूषणका कारण बन्दाबन्दी नै घोषणा गर्नुपरेको छ। काठमाडौंमा पनि २ दिन बिदा दिन र सवारीसाधनमा जोरबिजोर प्रणाली लागू गर्न विज्ञहरूले सुझाव दिएका छन् । वायुप्रदूषणले गर्दा पनि जलवायु परिवर्तन भइरहेको छ।

- **गरीबी र जलवायु परिवर्तन विश्वव्यापी समस्याहरू हुन् । यिनीहरूका बीचमा दोहोरो अन्तरसम्बन्ध छ ।**
- **यो मानवीय संकट मान्छेले निम्ता दिएर आएको हो ।**
- **विकास गर्दा वातावरण विनाश हुने कुरा ऐतिहासिक सत्य हो ।**
- **नकारात्मक प्रभावहरू कम गर्न विश्वव्यापी प्रयासहरू विगत २६ वर्षदेखि जारी छन् र संयुक्त राष्ट्रसंघले यसको नेतृत्व गरिरहेको छ ।**

### जलवायु परिवर्तन र गरीबी

गरीबी जलवायु परिवर्तनको परिणाम पनि हो । जलवायु परिवर्तनले हुने अतिवृष्टि, अनावृष्टि, खडेरी, बेमौसमी वर्षा आदि जस्ता प्राकृतिक प्रकोपहरू नियमित हुने गरेका छन् । यसले गरीबहरू संलग्न रहने कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा प्रतिकूल प्रभाव पारेको छ । यस्ता प्रकोपबाट हुने क्षतिले प्रतिवर्ष करोडौ घरपरिवारलाई गरीबीमा धकेलेको पाइन्छ। गरीबहरू त झनै गरीब बन्न बाध्य भएका छन् । निरपेक्ष र सापेक्ष गरीबी बढेको छ । विश्व बैङ्कले जलवायु परिवर्तनकै कारणले सन् २०३० सम्ममा करीब १३ करोड र सन् २०५० सम्ममा २० करोड व्यक्ति गरीब बन्ने अनुमान गरेको छ। विश्व स्वास्थ्य संगठनले सन् २०३० र २०५० को बीचमा जलवायु परिवर्तनकै कारणले वर्षेनि थप २ लाख ५० हजार व्यक्तिको मृत्यु हुने अनुमानसमेत गरेको छ । परिवारको काम गर्ने व्यक्तिको मृत्युले जीवित सदस्यहरू गरीब बन्नुपर्ने निश्चित छ। त्यसैले गरीबी निवारण र वातावरण संरक्षणलाई अलग गरेर हेर्न सकिँदैन । त्यस्तै जलवायु परिवर्तनका कारण लाग्ने रोग र त्यसको उपचामा लाग्ने खर्चले पनि मानिसलाई गरीबीतर्फ धकेल्ने देखिन्छ । नयाँ गरीबहरूलाई पनि लक्षित गरी राहत, उद्धार तथा पुनःस्थापनाका प्रयासहरूमार्फत जलवायु परिवर्तनका असरहरूलाई न्यूनीकरण गर्दा उत्थानशील समाजको निर्माण भई गरीबी निवारणमा टेवा मिल्नेछ।

### विकासोन्मुख देशका चुनौती

नेपालजस्ता विकासोन्मुख देशहरूले गरीबीले गर्दा हुने जलवायु परिवर्तनलाई रोक्न विशेष रणनीतिहरू अवलम्बन गर्नु जरुरी छ । गरीबलाई रोजगारी र स्वरोजगारीको व्यवस्था गरी सामाजिक संरक्षण प्रदान गर्ने, उनीहरूको प्राकृतिक साधनस्रोतमाथिको निर्भरता कम गर्ने उपायहरू अवलम्बन गर्ने, कार्बन व्यापारबाट प्राप्त हुने कोषलाई गरीबी निवारणमा लगानी गर्ने, नवीनतम प्रविधिमा गरीबको पहुँच बढाउनेलगायत गरीबोन्मुख नीति तथा कार्यक्रमहरू अवलम्बन गर्नु जरुरी छ।

### भ्रष्टाचार र जलवायु परिवर्तन

ट्रान्सपेरेन्सी इन्टरनेशनलको २०२४ को रिपोर्टले भ्रष्टाचारले जलवायु परिवर्तनमा प्रतिकूल प्रभाव पारेको देखाएको छ । विकासका लागि विनियोजन भएको रकम अपचलन हुँदा गरीबी बढेकाले वातावरणीय स्रोतमाथि दबाब परेको छ जसले गर्दा जलवायु परिवर्तनलाई बल मिलेको प्रतिवेदनले देखाएको छ।

सोही संस्थाको अर्को अनुसन्धानले नेपालले जलवायु परिवर्तनलाई कम गर्न दाताबाट प्राप्त गरेको अनुदान रकम पनि खर्च गर्न नसकेको देखाएको छ।

भर्खरै सम्पन्न कोप-२७ सम्मेलनले विश्वव्यापी तापमान घटाउन गरेको प्रतिबद्धता महत्त्वपूर्ण कदम भए तापनि यसका लागि गरीब तथा धनी देशहरूले पालन गर्नुपर्ने शर्तहरू जटिल छन् । विकास गर्दा वातावरण विनाश हुने कुरा ऐतिहासिक सत्य हो।

### वातावरण र विकास

वातावरण संरक्षणलाई बढी प्राथमिकता प्रदान गर्दा विकास नहुने र यसबाट हुने जन असन्तुष्टिको सामना गर्ने गरीब देशहरूलाई चुनौतीपूर्ण हुने निश्चित छ । धनी देशका नागरिकले पनि धनी देशको स्तरमा पुग्न खोज्नु जायज नै हो। तर, त्यस्तो जीवनशैली वातावरण विनाश नगरी नहुने देखिन्छ। यसका लागि धनी देशहरूले गरीब देशहरूलाई गर्ने सहयोगलाई दोब्बर-तेब्बर गर्नु जरुरी छ। नेपाललाई जलविद्युत्को विकासका लागि शर्तरहित अनुदान सहयोग प्रदान गर्नु सर्वथा उपयुक्त हुनेछ । यस्ता ठोस सहयोगले नै अर्बौं खर्चेर गरिने सम्मेलनहरूको औचित्य प्रमाणित गर्ने छन्।

### अबको बाटो

गरीबी र जलवायु परिवर्तन विश्वव्यापी समस्या हुन्। यिनीहरूको बीचमा दोहोरो अन्तरसम्बन्ध छ। गरीबले वातावरणमा प्रतिकूल असर पर्ने जीवनशैली अवलम्बन गर्छन् । यसरी हुने जलवायु परिवर्तनले गरीबीलाई निम्तो दिन्छ । वन विनाश रोक्दै सफा र हरित प्रविधिको विकास गरी कोइला र जैविक ऊर्जालाई विस्थापन गर्दै जानुको विकल्प छैन । यसमा पनि गरीबको पहुँच बढाउनुपर्छ। उत्पादन र उपभोगलाई पनि नयाँ तवरले परिभाषित गरिनु जरुरी छ। यसरी नै पृथ्वी तात्नबाट जोगिनेछ।

अन्त्यमा, जलवायु परिवर्तनले पृथ्वीमा जलवायु संकटको स्वरूप धारण गरिसकेको छ र यो संकटले गरीबी निवारणलाई प्रतिकूल प्रभाव पारेको छ। गरीब र जोखीममा रहेकाहरूलाई झन् कठिनाइ थपिएको छ । विकासको अवधारणालाई वातावरणमैत्री र गरीबीमुखी बनाउने र जलवायु अनुकूलन र जलवायु परिवर्तनका असरलाई न्यूनीकरण गर्ने रणनीति तथा कार्यक्रमहरूलाई विश्वव्यापी साझेदारीमार्फत सञ्चालन गरिनुपर्छ । सबैले साझा पृथ्वीलाई प्रदूषणबाट बचाउनु अति आवश्यक छ। विश्वका सबै नीति-निर्माताहरूले गरीबी र जलवायु परिवर्तनको अन्तरसम्बन्धलाई आत्मसात् गर्दै विकासमा नवीकरणीय प्रविधिको अवलम्बन गर्ने, वित्तीय सहकार्य गर्ने र त्यसमा गरीबको पहुँच सुनिश्चित गर्नुका साथै वातावरणमैत्री जीवनयापनलाई व्यावहारिकता प्रदान गरिनु जरुरी छ। दिगो विकासका लक्ष्य प्राप्त गर्नसमेत प्रकोप-संवेदनशील सामाजिक संरक्षणको संथागत व्यवस्था गरी गरीबी घटाउनु पनि उत्तिकै आवश्यक देखिन्छ।

*डा. भुसाल विकास विश्लेषक हुन् ।*

# घट्दो मकै आयातको संकेत



**विगत ५ वर्षमा भएको मकैको आयात तथ्याङ्क हेर्दा आर्थिक वर्ष २०७६/७७ देखि आव २०७८/७९ सम्म निरन्तर रूपमा वृद्धि भएको देखिन्छ । त्यसपछि आयात घट्दो क्रममा रहेको देखिन्छ ।**

- राम वाग्ले


नेपालमा प्रमुख खाद्यान्नमध्ये धान पछि मकैलाई मानिन्छ। परम्परागत खानामा रहने गरेको विविधताको बानी छोडी धानको भातमा बढी निर्भर हुँदा र धानको उत्पादन पनि मागअनुसार बढ्न नसक्दा धान तथा चामल माथिको परनिर्भरता बढ्न गएको छ । त्यसै गरी मागको तुलनामा मकैको उत्पादन पनि बढ्न नसकेको कारणले हुन सक्छ यसको उच्च आयात निरन्तर रूपमा भइरहेको र परनिर्भरता कायमै रहेको छ । खाद्यान्नको साथै पशु आहारका रूपमा पनि यसको उल्लेख्य मात्रामा प्रयोग हुने गरेकाले मकैको आयातमा प्रभाव पारिरहेको हुनसक्छ। एक तथ्याङ्कअनुसार नेपालमा कुल उत्पादित मकैको ३० प्रतिशत अंश दानामा खपत हुँदै आएको छ । आयातित मकैको हकमा पनि यही अनुपात लागु हुने देखिन्छ। आयात घटेको अवस्था देखिँदा उत्पादनमा वृद्धि भएका कारणले नभई दाना खाने गरेका पशुको संख्या घटेको संकेत पनि हुन सक्छ किनभने नेपालमा खेतीयोग्य जमीन दिन परदिन बाँझो जमीनमा परिणत भइरहेको विभिन्न तथ्याङ्कले देखाउने गरेका छन् । जेजस्तो भए तापनि कृषि प्रधान देशमा प्रमुखमध्येको एक खाद्यान्नको परनिर्भरता बढ्नु पक्कै राम्रो होइन।


यस लेखमा देशको दोस्रो प्रमुख खाद्यान्नको रूपमा रहिआएको मकैको विगत केही वर्ष देखिको आयात प्रवृत्ति, गतवर्ष कुन कुन देशबाट के कति, कस्तो रूप वा प्रकारमा आयात भएको रहेछ, तथ्याङ्कीय विश्लेषण प्रस्तुत गर्ने प्रयास गरिएको छ । यसमा भन्सार विभागको वैदेशिक व्यापार तथ्याङ्कलाई आधार मानिएको छ।

यस लेखको प्रयोजनका लागि नेपालमा आयात हुँदै आएको मकै वा यससँग सम्बन्धित खाद्यवस्तुको रूप वा अवस्था यस प्रकार रहेको छ :

मकै (बीउ बाहेकको मकै दाना एचएस कोड १००५१०००), मकै बीउ (दाना एचएस कोड १००५९०००), मकैको पीठो (एचएस कोड ११०२२०००), दलेको मकै (ग्रोट्स), पिठो (मिल), र गुटिका (पेलेट्स) एचएस कोड ११०३१३००), चामलबाहेक अन्य प्रकारले तयार पारिएको भूस हटाएको, पेलिएको थिचेर च्याप्टो पारेको फलेको, टुक्रा पारेको वा खस्रो गरी पिंधेको मकै (एचएस कोड ११०४२३००), मकैको स्टार्च (एचएस कोड ११०८१२००), मकैको प्रशोधित तेल (एचएस कोड १५१५२९००) र निफनेर वा पिंधेर वा अरू कार्यद्वारा निकालिने मकैको गुटिकाका रूपमा रहेको वा नरहेको ढुटो चोकर र अन्य अवशेष (एचएस कोड २३०२१०००)।

मकैबाट तयार गरिने खाद्यवस्तुका केही रूप जस्तो कि स्वीट कर्न एवम् औद्योगिक प्रशोधनबाट तयार गरिने पप कर्न, कर्नफ्लेक्स आदि यसमा समावेश गरिएको छैन।




आयात हुने मकैको प्रशोधित वा अप्रशोधित रूप वा अवस्था सबै उपर्युक्त शीर्षकमा समेटिएको छ । यद्यपि आयात मूल्यका हिसाबले हेर्दा बीउ बाहेकको मकै दाना प्रमुख रूपमा आयात भइरहेको छ। यसको तुलनामा अन्य रूपको आयात निकै कम मूल्यको भएको तथ्याङ्कले देखाउँछ।

विगत ५ वर्षमा भएको मकैको आयात तथ्याङ्क हेर्दा आव २०७६/७७ देखि आव २०७८/७९ सम्म निरन्तर रूपमा वृद्धि भएको देखिन्छ। त्यसपछि आयात घट्दो क्रममा रहेको देखिन्छ। आव २०७६/७७ मा रू. १५ अर्ब १६ करोड मूल्यको आयात भएकोमा आव २०८०।८१ मा आइपुग्दा रू. १५ अर्ब ६९ करोड मूल्यको आयात भएको छ। यस ५ वर्षको अवधिमा रू. २० अर्ब ४५ करोड आयात मूल्यको उच्चतम विन्दुमा पुगेर पुनः घट्दै गएको देखिन्छ।

विगत ५ वर्षमा परिमाणका हिसाबले आव २०७६/७७ देखि आव २०७७/७८ सम्म वृद्धि भएको देखिन्छ । त्यसपछि आयात घट्दो क्रममा रहेको देखिन्छ। आव २०७६/७७ मा ४५७ हजार मेट्रिक टन आयात भएकोमा आ व २०८०।८१ मा आइपुग्दा घटेर ३६८ हजार मे टन आयात भएको देखिन्छ । आयातको उच्च विन्दु आव २०७७/७८ मा ६०५ हजार मे टन आयात भएको थियो।

मकैका आयातित विविध रूपमध्ये सबैभन्दा बढी आयात हुने बीउबाहेकको मकै दाना हो। आव २०८०/८१ र चालू आवको प्रथम ८ महीनाको तथ्याङ्क हेर्दा मकै तथा त्यससँग सम्बद्ध वस्तुको कुल आयात मूल्यको करीब ९० प्रतिशत अंश यसले ओगटेको छ । चालू आवमा रू. १२ अर्ब १७ करोडको यसको आयात भइसकेको छ। साथै यस अवधिमा यसको प्रतिकेजी आयात मूल्य रू. ५० रहेको छ।

मकैको आयात कहाँबाट भइरहेको छ भन्ने सन्दर्भमा वर्षभरिमा देशगत रूपमा आयात हेर्न पछिल्लो आव २०८०/८१ लाई आधार मानिएको छ।

उक्त आवमा आयात भएको मकैको रूप वा प्रकारमा सबैभन्दा बढी बीउ बाहेकको मकै दाना रू. १३ अर्ब १ करोड ८७ लाख मूल्यको आयात भारतबाट भएको थियो। यो आयात मकैजन्य वस्तुको कुल आयात रू. १५ अर्ब ६९ करोड मूल्यको ८३ दशमलव शून्य प्रतिशत अंश हुन आउँछ । यसैगरी दोस्रो स्थानमा मकैको स्टार्च रू. ५९ करोड १६ लाख मूल्यको आयात पनि भारतबाट भएको थियो । यो आयात मकैजन्य वस्तुको कुल आयातको ३ दशमलव ७७ प्रतिशत अंश हुन आउँछ । तेस्रो स्थानमा अर्जेन्टिनाबाट बीउबाहेकको मकै रू. ५५ करोड ७४ लाख मूल्यको (३ दशमलव ५५ प्रतिशत अंश) आयात भएको थियो । यसपछि अन्य थोरै मात्रामा आयात हुनेमा टर्कीबाट बीउबाहेकको मकै दाना रू. ३४ करोड २८ लाख मूल्यको, ब्राजीलबाट रू. १३ करोड ५ लाखको बीउबाहेकको मकै दाना, अर्जेन्टिनाबाट बीउ मकै रू. १ करोड ५८ लाखको आयात भएको थियो । यसबाहेक केही छिटपुट प्रशोधित प्रकारमा विशेष गरी भारतबाट आयात भएको देखिन्छ।


*लेखक तथ्याङ्क शास्त्री एवं भन्सार विभागका पूर्वकर्मचारी हुन् ।*

## वनबाट पतिंगर संकलन गर्नेलाई नगद पुरस्कार

गोरखा । देशैभर वनजंगलमा डढेलोका घटना सार्वजनिक भइरहेका बेला गोरखाको भीमसेनथापा गाउँपालिकाले डढेलो नियन्त्रणका लागि 'पातपतिंगर संकलन' कार्यक्रम लागू गरेको छ। कार्यक्रमअन्तर्गत पालिकाले पतिंगर संकलन गरेबापत नगद पुरस्कार दिने घोषणा गरेको छ ।

पालिकाभित्रका सामुदायिक वनबाट पातपतिंगर संकलन गर्नेलाई प्रतिकेजी २ रुपैयाँका दरले नगद उपलब्ध गराउने निर्णय भएको पालिकाका प्रमुख प्रशासकीय अधिकृत चित्रबहादुर अधिकारीले जानकारी दिए । उनका अनुसार व्यक्ति तथा समूहले सम्बन्धित सामुदायिक वन उपभोक्ता समिति तथा वडा कार्यालयसँग समन्वय गरेर पतिंगर संकलन गर्न पाउने छन् । गाउँपालिकाभित्र डढेलो लगाउने कार्य निरुत्साहन तथा वन डढेलो नियन्त्रण गर्ने उद्देश्यसहित कार्यक्रम लागू गरिएको अधिकारीले जानकारी दिए ।

'संकलित पातपतिंगर प्रांगरिक मल बनाउन प्रयोग हुन्छ । त्यसको व्यवस्थापन तथा विक्री वितरणको जिम्मा भने सम्बन्धित सामुदायिक वन तथा वडा कार्यालयलाई दिइनेछ,' उनले भने, 'कार्यक्रम नयाँ हो तर यसलाई सबैजनाले सिको गर्न लायक बनाउने लक्ष्य छ ।' पालिकाबाट अनुगमन गरेपछि मात्र पतिंगर संकलनबापतको रकम उपलब्ध गराइने प्रमुख प्रशासकीय अधिकृत अधिकारीले बताए । *रासस*



*तस्वीर : रासस*

**मोरडको सुन्दरहरैंचा नगरपालिकास्थित विराटचोक बजारमा विक्रीका लागि राखिएको खरबुजा । खरबुजा यहाँ प्रतिकेजी होलसेल मूल्य ४० तथा खुद्रा ५० रुपैयाँसम्ममा खरीदविक्री हुने गरेको छ ।**

# कर्णालीमा २ लाख ५८ हजार टन मकै उत्पादन

भेरीगंगा (सुर्खेत) । कर्णाली प्रदेशमा उत्पादन हुने खाद्यान्नमध्ये सबैभन्दा बढी मकै उत्पादन हुने गरेको छ । प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका अनुसार यो वर्ष कर्णालीमा सबैभन्दा बढी २ लाख ५८ हजार ८७६ मेट्रिक टन मकै उत्पादन भएको छ ।

कर्णालीमा ८२ हजार ८०८ हेक्टर क्षेत्रफलमा मकैखेती हुँदै आएको मन्त्रालयअन्तर्गत कृषि निर्देशनालयले जनाएको छ । मकैपछि बढी उत्पादन हुने बाली गहुँ हो । प्रदेशका दशओटै जिल्लाको तथ्यांकअनुसार ७१ हजार ७६९ हेक्टर क्षेत्रफलमा गहुँखेती हुन्छ । गतवर्ष प्रदेशभर १ लाख ५१ हजार ९९० मेट्रिक टन गहुँ उत्पादन भएको कृषि निर्देशनालयले जनाएको छ ।

निर्देशनालयका निर्देशक तिलक पाण्डेका अनुसार धान उत्पादन तेस्रो स्थानमा छ । गत वर्ष १ लाख ४६ हजार ६७९ मेट्रिक टन धान उत्पादन भएको जनाउँदै उनले कर्णालीमा ४१ हजार ३०४ हेक्टर क्षेत्रफलमा धानखेती हुँदै आएको उल्लेख गरे ।

कोदो १८ हजार ८२६ मेट्रिक टन, जौ ९ हजार ७०९ मेट्रिक टन र फापर २ हजार ६३३ मेट्रिक टन उत्पादन भएको पाण्डेले जानकारी दिए । कोदो र फापर विशेष गरी हिमाली क्षेत्रमा उत्पादन हुने गरेको छ । जसअन्तर्गत १३ हजार ७०४ हेक्टर क्षेत्रफलमा कोदो र २ हजार ३७७ हेक्टर क्षेत्रफलमा फापरखेती हुँदै आएको निर्देशनालयले जनाएको छ ।

**कुन जिल्लामा कति उत्पादन ?**

निर्देशनालयको तथ्यांक अनुसार सबैभन्दा बढी मकै उत्पादन हुने जिल्ला सल्यान हो । सल्यानमा यो वर्ष ७४ हजार ७०० मेट्रिक टन मकै उत्पादन भएको छ । सुर्खेतमा ४५ हजार ४७५ टन, दैलेखमा ४५ हजार ३१० टन, जाजरकोटमा ३३ हजार ३१३ टन, रुकुम पश्चिमा ३५ हजार ३४० टन उत्पादन भएको निर्देशनालयका निर्देशक पाण्डेले जानकारी दिए ।

**कर्णालीमा उत्पादन बढाउन विभिन्न कार्यक्रम सञ्चालन गरिँदै आएको प्रदेश सरकारले जनाएको छ ।**

उनका अनुसार कालीकोटमा ८ हजार ६० टन, जुम्लामा १० हजार ५०० टन, मुगुमा २ हजार १३८ टन, डोल्पामा ३ हजार ७५० टन र हुम्लामा २९० टन मकै उत्पादन भएको छ । यस्तै, गहुँ उत्पादनमा सुर्खेत अगाडि देखिएको छ । सुर्खेतमा यो वर्ष ३४ हजार १०२ टन र सल्यानमा २८ हजार ५२८ टन गहुँ उत्पादन भएको छ ।

जाजरकोटमा २५ हजार १०० टन, रुकुम पश्चिममा २१ हजार ७१३ टन, दैलेखमा १७ हजार २७४ टन, कालीकोटमा ११ हजार ३१३ टन, जुम्लामा ५ हजार ४०८ टन, डोल्पामा चार हजार १६५ टन, मुगुमा तीन हजार २७२ टन र हुम्लामा १ हजार ११५ टन गहुँ उत्पादन भएको निर्देशनालयले जनाएको छ ।

धान उत्पादनमा पनि सुर्खेत पहिलो देखिएको निर्देशनालयका निर्देशक पाण्डेले बताए । यो वर्ष उत्पादन भएको धानको तथ्यांक हेर्दा सुर्खेतमा ६३ हजार ८० टन उत्पादन भएको छ ।

उनका अनुसार दैलेखमा २७ हजार १५२ टन, सल्यानमा २३ हजार ७१० टन, रुकुम पश्चिममा ९ हजार ४५५ टन, जाजरकोटमा ९ हजार ३०७, जुम्लामा ५ हजार ९८७, कालीकोटमा ५ हजार ५०० टन धान उत्पादन भएको छ ।

यस्तै, हुम्लामा १ हजार १२० टन धान उत्पादन हुँदा मुगुमा १ हजार २३ र डोल्पामा ३४५ टन धान उत्पादन भएको छ । कर्णालीमा ७ जिल्ला खाद्यान्नमा आत्मनिर्भर छन् । अन्य ३ जिल्ला आत्मनिर्भर हुन सकेका छैनन् । कर्णालीमा उत्पादन बढाउन विभिन्न कार्यक्रम सञ्चालन गरिँदै आएको प्रदेश सरकारले जनाएको छ । सरकारले ब्याज अनुदानमा ऋण उपलब्ध गराउनेदेखि उत्कृष्ट किसानलाई पुरस्कृत गर्नेलगायत कार्यक्रम सञ्चालन गरिरहेको निर्देशक पाण्डेले जानकारी दिए । *रासस*

पृष्ठ १ बाट क्रमशः

## नेशनल जिओग्राफिकका...

'दैनिक प्रतिपर्यटक झन्डै ५०० अमेरिकी डलर खर्च गरेका छन्,' उनले भने । यस्तो समूह वर्षमा आठओटा आउने र त्यसमा औसत ७५ देखि ८५ सम्म सदस्य हुने कोलाक्षपतिले बताए । अराउन्ड वर्ल्ड बाई प्राइभेट जेट भन्दै नेशनल जिओग्राफिकले आफ्नै विभिन्न क्षेत्रका विशेषज्ञ र अन्य हाई इन्ड पर्यटकलाई विश्व भ्रमणमा लैजाने गरेको छ । यसका लागि निश्चित शुल्क नेशनल जिओग्राफिकले यस्ता पर्यटकसँग लिने गर्छ ।

यतीले हरेक वर्ष अक्टोबरदेखि अप्रिलसम्मको सिजनमा नेशनल जिओग्राफिकबाट विभिन्न आठओटा समूहलाई नेपाल ल्याउने गरेको छ । यस क्रममा पछिल्लो समूह अप्रिल ४ तारीख (गत शुक्रवार) मा आइपुगेको हो । यसमा कम्पनीले भारतको मुम्बईस्थित एउटा ट्राभल्स कम्पनीसँग सहकार्य गर्छ। अमेरिकाको सिआटन कम्पनीले मुम्बईको भेन टुर्स इन्टरनेशनल ट्राभल्स प्रालिलाई नेपाल, भारत, भुटान, तिब्बत, श्रीलंका र माल्दिभ्स गरी पाँचओटा देशमा पर्यटक घुमाउने जिम्मा दिएको छ । भेन टुर्सको आधिकारिक वेबसाइट पनि यी पाँचओटा देशमा घुम्ने प्याकेज र जानकारी राखिएको देखिन्छ। भेन टुर्ससँगको ४ दशकको मित्रताले गर्दा यसरी हाई इन्ड पर्यटक चार्टर्ड उडानबाट ल्याउन सम्भव भएको कोलाक्षपतिले बताए ।

उनका अनुसार नेपालमा आएका हाई इन्ड पर्यटक नेशनल जिओग्राफिकका रिटायर्ड सदस्य हुन् । नेशनल जिओग्राफिकमा काम गरेर रिटायर्ड भएका कर्मचारीहरू घुम्न निस्किएका हुन् । नेपाल १/२ पटक घुमेका त्यस्ता सदस्य अहिले चीनको तिब्बतको सट्टा भुटान जाने गरेका छन् । उनीहरूले नेपाललाई ट्रान्जिट बनाएर भुटानकै जहाज चार्डर्ड गरी त्यता गएका हुन् ।

यती होलिडेजका अनुसार सोमवार (आज) बिहान भुटानबाट उनीहरू त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा उत्रने कार्यक्रम छ । उनीहरू सोही दिन स्वदेश फिर्ता हुनेछन् । शुक्रवार नेपाल आएका उनीहरू शनिवार र आइतवार भुटान बसे । २२ देशमा घुम्ने उनीहरू एउटा देशमा १/२ दिन मात्रै बस्ने गर्छन् । पछि विकसित भएका देशमा मात्रै जाने उनीहरू भियतनाम, कम्बोडिया, भारतको आग्रा (ताजमहल हेर्न) मात्रै जाने गर्छन् ।

नेपालको ट्राभल कम्पनीले भने द्वारिकाज होटेल बुक गर्ने, स्थानीय पर्यटक गाडी, गाइडको व्यवस्था गरिदिएको हो । कोलाक्षपतिका अनुसार अक्टोबरमा २, नोभेम्बर र जनवरीमा १/१, फेब्रुअरीमा २ र मार्च र अप्रिलमा १/१ गरेर यसपटक ८ समूह नेपाल आएका छन् ।

## अभिकर्ताविना बीमा...

यसैगरी नियमावलीमा बीमालेख नवीकरणका आधारमा मात्र अभिकर्ताको अनुमति नवीकरण हुने र प्रोत्साहन भत्ता पाउने व्यवस्थाको पनि अभिकर्ताहरूले विरोध गरेका छन् । नियमावलीको ४३ (ख) मा बीमा अभिकर्ता इजाजत नवीकरणका लागि अभिकर्ताहरूले प्राधिकरणले निर्धारण गरेबमोजिम प्रतिशतमा बीमालेख नवीकरण भएको प्रमाण पेश गर्नुपर्ने प्रावधान राखिएको छ । हालसम्म प्राधिकरणले यसबारे कुनै निर्देशन जारी नगरेकाले यो व्यवस्था कार्यान्वयनमा भने आएको छैन ।

यसैगरी नियमावलीमा बीमालेख नवीकरणका आधारमा अभिकर्ताको प्रोत्साहन कट्टी गर्ने व्यवस्था गरिएको छ । यसमा ७५ प्रतिशतभन्दा बढी नवीकरण दर भएका अभिकर्ताको मात्र प्रोत्साहन भत्ता कट्टी हुँदैन । यसबाहेक ३० प्रतिशतसम्म नवीकरण भएमा अभिकर्ताको २०, ३० देखि ४५ प्रतिशत नवीकरण भएका अभिकर्ताको १५, ४५ देखि ६० प्रतिशत नवीकरण भएका अभिकर्ताको १० र ६० देखि ७५ प्रतिशत नवीकरण भएका अभिकर्ताको ५ प्रतिशत प्रोत्साहन भत्ता कटौती गर्ने व्यवस्था गरिएको छ ।

बीमालेख नवीकरण नगर्ने क्रम बढ्दै गएपछि यसमा अभिकर्तालाई पनि जिम्मेवार बनाउन सरकारले कडाइ गरेको हो । तर, यो व्यवस्थाका कारण अभिकर्ताहरू निरुत्साहित हुने पेशागत बीमा अभिकर्ता संघका महासचिव ओम केसी बताउँछन् । 'प्रत्यक्ष बीमा गर्ने र बीमालेख नवीकरणका आधारमा अभिकर्ताको इजाजत नवीकरण गर्ने र प्रोत्साहन भत्ता कटौती गर्ने व्यवस्था प्रभावकारी छैन,' उनले भने, 'यो व्यवस्थाले अभिकर्ता निरुत्साहित हुन्छन् ।'

संघले नियमावलीको प्रावधान सच्याउन चैत पहिलो साता प्राधिकरणमा ज्ञापनपत्र बुझाइसकेको छ । प्राधिकरणबाट यसका लागि पहल गर्ने सकारात्मक आश्वासन पाएकाले आफूहरू आशावादी रहेको महासचिव केसी बताउँछन् ।

## बेलायत उद्योगको संरक्षणका लागि तयार : स्टार्मर

लन्डन । बेलायतका प्रधानमन्त्री किअर स्टार्मरले नयाँ संसार स्थापित नियमहरूद्वारा कम र 'सम्झौता र गठबन्धनद्वारा अधिक' शासित हुने बताएका छन् । बदलिँदो विश्वव्यापी आर्थिक मार्ग पहिचान गर्दै अब केही क्षेत्रहरूको रक्षा गर्न राज्यको प्रत्यक्ष हस्तक्षेप प्रयोग गर्न आफू तयार रहेको उनले आइतवार बताए ।

'औद्योगिक रणनीतिमा अपेक्षित प्रमुख घोषणा अघि यो हप्ता हामी हाम्रो घरेलु प्रतिस्पर्धात्मकतामा सुधार गर्न योजनाहरू तयार पार्नेछौं । हामी आँधीबेहरीबाट बेलायती व्यवसायलाई बचाउन औद्योगिक नीति प्रयोग गर्न तयार छौं,' उनले भने, 'केही मानिसहरूलाई यस बारेमा असहज लाग्न सक्छ तर जब विश्वले यो अनशन गरिरहेको छ, हामी पुरानै भावनामा अडिग रहन सक्दैनौं ।'

उनी अगाडि थप्छन्, 'हामीलाई थाहा भएको संसार समाप्त भएको छ । बेलायत अमेरिकी कर वृद्धिको प्रभावबाट उद्योगहरूलाई आश्रय दिन राज्यको प्रत्यक्ष हस्तक्षेप प्रयोग गर्न तयार छ ।' अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले बुधवार व्यापक कर लगाउनुले 'पुरानो अनुमानलाई अब हल्कारूपमा लिन सकिँदैन' भन्ने देखाउनले स्टार्मरले सन्डे टेलिग्राफ पत्रिकामा प्रकाशित एक लेखमा भनेका छन् ।

उनले भनेका छन्, 'नयाँ संसार स्थापित नियमहरूद्वारा कम र 'सम्झौता र गठबन्धनद्वारा अधिक' शासित हुन्छ । यसले बेलायती गुणहरूको सर्वोत्तम माग गर्दछ र यसको विकल्प ठण्डा दिमाग, व्यावहारिकता र हाम्रो राष्ट्रिय हितको स्पष्ट समझदारी हो ।' प्रधानमन्त्री स्टार्मरले व्यापार युद्धबाट कोही पनि विजयी हुँदैन भन्ने आफ्नो सरकारको विश्वास दोहोऱ्याउँदै तत्कालको रणनीति 'शान्त रहने र सर्वोत्तम सम्झौताका लागि लड्ने' रहेको बताए । उनले अमेरिकी व्यापार सम्झौता बेलायती व्यापारका लागि सही भएमा मात्र गरिने र बेलायतमाथि १० प्रतिशत करको जवाफ दिन सबै विकल्पहरू टेबलमा नै रहने बताए । बेलायतको लक्जरी कार निर्माता कम्पनी जगुआर ल्यान्डरोभरले अप्रिलमा संयुक्त राज्य अमेरिकामा नयाँ व्यापारिक शर्तहरूलाई सम्बोधन गर्दै निर्यात 'रोकिने' बताएको छ । *एजेन्सी*

# किलोको ७०० रुपैयाँसम्ममा बिक्छ बाँकेमा स्ट्रबेरी



कोहलपुर (बाँके) । बाँकेको बैजनाथ गाउँपालिका-१ च्यामाका सर्पराज बस्नेत स्ट्रबेरीखेतीमा आकर्षित भएका छन् । पश्चिम नेपालका केही ठाउँमा किसानले स्ट्रबेरी खेती गर्न थाले पनि बाँकेका लागि भने यो पहिलो हो । कृषिमा केही नयाँ गर्ने सोचका साथ उनले बैजनाथमा करीब साढे पाँच कट्ठा जग्गामा ७ लाख रुपैयाँ लगानीमा स्ट्रबेरी खेती शुरू गरेका छन्। स्ट्रबेरी निकै रुचाइएको फलफूलमा पर्छ । बजारमा यसको माग बढिरहेको छ ।

स्वास्थ्यलाई ध्यानमा राख्दै रसायनरहित जैविक र आधुनिक प्रविधिबाट स्ट्रबेरी लगाएको सर्पराजले बताए । रासायनिक मलको ठाउँमा गोठे मल, झोल मल, तितेपाती, निमको पात र गाईको पिसाब प्रयोग गर्दै आएको उनले बताए । 'बिरुवामा किरा लागे वा फल नाश हुन लागेमा घरमै उपलब्ध झारपातको प्रयोग गर्ने गरेको छु, जसले गर्दा स्ट्रबेरी स्वादिलो, गुणस्तरीय र स्वस्थ पनि हुन्छ,' उनले भने ।

सामान्यतया नेपाली समयअनुसार असोजमा स्ट्रबेरीको बिरुवा रोप्ने गरिन्छ। रोपेको ७५ देखि ८० दिनमा यो विक्रीका लागि तयार भइसकेको हुन्छ। सर्पराजले यसपटक दुई महीना ढिलो गरी मङ्सिर १ गते आसपास बिरुवा रोपेका थिए। बिरुवा रोप्न ढिलाइ भए पनि बिरुवाले दिनुपर्ने मात्रामा फल दिएको छ । गत माघको अन्तिम सातादेखि उनको स्ट्रबेरी विक्री हुन थालिसकेको थियो । उनका अनुसार नयाँ र धेरै प्रचारप्रसार नभएकाले बाहिरबाट त्यति धेरै माग भने आएको छैन । सर्पराजको स्ट्रबेरीको स्वाद कोहलपुर, नेपालगञ्जसँगै सुर्खेतसम्म फैलिएको छ। घरबाटै पनि दैनिक २० देखि २५ किलो हाराहारी विक्री गर्दै आएको उनले बताए ।

उनका अनुसार एउटा बिरुवाले आधा किलोदेखि एक किलोसम्म फल दिन्छ । उनले यो फल खुद्रामा प्रतिकिलो ७०० र थोकमा ६०० विक्री गर्दै आएका छन्। माघदेखि हालसम्म करीब ९ क्विन्टल विक्री गरिसकेको उनको भनाइ छ । यो अवधिमा ५ लाख रुपैयाँ जति आम्दानी भएको छ। उनको फार्ममा अहिले जापानिज क्यामरोज जातका करीब ७ हजार ८०० बिरुवाले फल दिइरहेका छन् ।

'तराई क्षेत्रमा गर्मी दिन प्रतिदिन बढ्दै छ, गर्मी याममा बिरुवा जोगाउन मुस्किल पर्छ,' सर्पराज भन्छन्, 'अब फल फलाउनुभन्दा पनि बिरुवा कसरी जोगाउने र अर्को वर्षका लागि बिरुवा कसरी तयार गर्ने भन्ने योजनामा छु ।' उनका लागि स्ट्रबेरीखेती विल्कुल नयाँ भए पनि मेहनत गरे सफल भइन्छ भन्ने विश्वासले उनले बस्नेत कृषि तथा पशुपन्छी फार्म दर्ता गरी खेती शुरू गरेको जानकारी दिए । *रासस*

## मुस्ताङमा चैत १८ सम्म ३ लाख ९७ हजार पर्यटक

मुस्ताङ । मुस्ताङमा चालू आर्थिक वर्षको चैत १८ सम्ममा ३ लाख ९६ हजार ९०१ पर्यटक भित्रिएका छन् । गत साउन १ देखि चैत १८ सम्मको प्रहरी तथ्यांकअनुसार मुस्ताङमा आन्तरिक तथा बाह्य गरी उक्त संख्यामा पर्यटक भित्रिएका हुन् ।

मुस्ताङमा गत साउनदेखि हालसम्ममा ३ लाख ३३ हजार ८४५ आन्तरिक र ६३ हजार ५६ जना विदेशी पर्यटक प्रवेश गरेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी निरीक्षक विशाल अधिकारीले जानकारी दिए । यस अवधिमा २ लाख ३८ हजार ३५४ पुरुष र ९५ हजार ४९१ महिला आन्तरिक पर्यटक मुस्ताङ आइपुगेका छन् ।

यसैगरी, ३५ हजार ६१८ पुरुष र २७ हजार ४३८ महिला विदेशी पर्यटकले मुस्ताङ भ्रमण गरेका छन् । चालू आर्थिक वर्षको साउनदेखि हालसम्म आन्तरिक पर्यटक ८१ प्रतिशत र विदेशी पर्यटक १९ प्रतिशतले मुस्ताङ जिल्ला भ्रमण गरेका प्रहरी निरीक्षक अधिकारीले जानकारी दिए । उनका अनुसार मुस्ताङ भित्रिने बाह्य पर्यटकमध्ये ८० प्रतिशत भारतीय र २० प्रतिशत अन्य मुलुकका रहेका छन् ।

जिल्ला प्रहरी कार्यालयका अनुसार गत आर्थिक वर्षमा आन्तरिक तथा बाह्य गरी ४ लाख ५४ हजार ३२६ ले मुस्ताङ भ्रमण गरेका थिए । त्यसमा आन्तरिक ३ लाख ५४ हजार ९२७ र बाह्य ९९ हजार ३९९ थियो । पछिल्लो समय क्रमिक रूपमा सडक सञ्जाल सुधार हुँदै जान थालेपछि आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढिरहेको प्रहरी निरीक्षक अधिकारीको भनाइ छ । उनका अनुसार जिल्लाको पवित्र तीर्थस्थल मुक्तिनाथ र कागबेनीमा आन्तरिक पर्यटकको घुइँचो लाग्ने गरेको छ । मुस्ताङ भित्रिएका नेपाली पर्यटक मुक्तिनाथ दर्शन गरी चीनको स्वशासित क्षेत्र तिब्बतसँग सीमाना जोडिएको कोरला नाकासम्म पुग्ने गरेका छन् । मुस्ताङ धार्मिक तथा सांस्कृतिक विविधतापूर्ण जिल्ला भएको र यहाँको पृथक भूगोलले पर्यटकलाई थप आकर्षित गर्ने भएकोले वर्षेनि यहाँ आउने पर्यटकको संख्या बढिरहेको बताइन्छ ।

राष्ट्रिय गौरवको कोरला सडक सहज हुँदै गएपछि कोरला नाकासम्म आन्तरिक पर्यटक पुग्ने गरेको लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसिनर्बु गुरुङले बताए । यहाँ अवस्थित वर्षौं पुराना गुम्बा, माने, छोर्तेन, मठमन्दिर र ऐतिहासिक तथा पुरातात्विक सम्पदा, गुफालगायत सुन्दरताका कारण मुस्ताङ पर्यटकीय दृष्टिकोणले महत्त्वपूर्ण गन्तव्य बन्दै गइरहेको उनको भनाइ छ । उपल्लो मुस्ताङमा ७०० वर्ष पुरानो मुस्ताङी सांस्कृतिक राजाको दरबारका साथै गुरु पद्मसम्भवसँग जोडिएका दर्जनौं गुम्बाहरू पर्यटकका लागि खोज, अनुसन्धानको विषय बन्दै आएको अध्यक्ष गुरुङले जानकारी दिए । *रासस*

# कृषि विद्युतीकरणपछि चन्द्रनगरका किसान मकैखेतीमा आकर्षित

**चन्द्रनगर गाउँपालिकाले किसानको खेत खेतमा विद्युतीकरण गर्ने र निःशुल्क कृषि मिटर वितरण गर्ने मात्र नभई किसानले सिँचाइ गर्दा उठेको विद्युत् महशुलसमेत तिरिदिने गरेको छ ।**



बरहथवा (सर्लाही) । चन्द्रनगर गाउँपालिकाका किसान विद्युतीकरणपछि मकैखेतीतर्फ आकर्षित भएका छन् । सिँचाइ सुविधा नभएपछि यहाँका किसानले आकाशे पानीको भरमा खेती गर्दै आएका थिए । केहीले खेतमा डिपबोरिङ गरेर मकैखेती गर्दै आएका थिए । यसरी खेती गर्दा उत्पादनभन्दा लगानी धेरै लाग्ने गरेको चन्द्रनगर-२ का पुनित महतोले बताए । डेढ बिघा जग्गामा वर्णशंकर जातको मकै लगाएका उनी विद्युतीय मोटरबाट मकैखेतमा पानी लगाउँदै गरेको अवस्थामा भेटिए । विद्युतीकरणपछि खेतीपाती गर्न सहज भएको महतोको भनाइ छ ।

'यसअघि खेतमा पानीको उपाय नै थिएन,' उनले भने, 'पोखरी वा नालामा जमेको पानी पम्पसेटबाट तान्ने गरेको थिएँ ।' पम्पसेटबाट पानी तान्न खर्चिलो हुने उनको भनाइ छ। 'पहिला यही खेतमा एकपटक पानी तान्न ३ हजारदेखि ४ हजार रुपैयाँसम्मको डिजेल खर्च हुन्थ्यो,' महतोले भने, 'अहिले त्यही पैसाले सिजनभरि (चारपटक) पानी तान्न पुग्छ ।'

स्थानीय तहले २ वर्षअघि खेतखेतमा (कृषि विद्युतीकरण) पोल गाडेर बिजुली पुऱ्याएको थियो । त्यसयता महतोलगायत यहाँका १ हजार २३५ भन्दा बढी किसानले कृषि मिटर जडान गरिसकेका छन् । सिँचाइको व्यवस्था नहुँदा आकाशे पानीको भरमा गहुँ, मसुरो, चना, उखुलगायत खेती लगाउने गरेका चन्द्रनगर-६, बबरगन्जका किसान सुवोध साहले बताए । यसरी गरेको खेतीमा लागत धेरै र उत्पादन थोरै हुँदा लागतसमेत नउठ्ने गरेको उनको अनुभव छ ।

'यहाँका खेत प्राणविनाका शरीर जस्तै बनिसकेका थिए,' साह भन्छन्, 'गाउँपालिकाले कृषि विद्युतीकरण गरेपछि खेत हराभरा बनेका छन् ।' अहिले प्रतिकट्ठामा ४ क्विन्टलसम्म मकै उत्पादन हुने गरेको साहले बताए । उनले २ वर्षदेखि आफ्नो र ठेक्का गरी ३ बिघा खेतमा वर्णशकंर जातको मकैखेती गरेका छन् ।

पानीको सुविधापछि तरकारीखेती फस्टाएको स्थानीय जितेन्द्र महतोले बताए । अहिले आफूसँग भएको दुई कट्ठा खेतमा लगाएको तरकारी विक्रीबाट ५ जनाको परिवार पालनपोषण गर्न सकेको उनको भनाइ छ। अहिले यस क्षेत्रमा ठूलो क्षेत्रफलमा व्यावसायिक तरकारीखेती हुँदै आएको छ। मौसमअनुसार काउली, बन्दा, सिमी, बोडी, खुर्सानी, भिण्डीलगायत तरकारी प्रशस्त उत्पादन हुने गरेको महतोले बताए ।

**विद्युत् महशुल गाउँपालिकाले तिर्ने**

चन्द्रनगर गाउँपालिकाले किसानको खेत खेतमा विद्युतीकरण गर्ने र निःशुल्क कृषि मिटर वितरण गर्ने मात्र नभई किसानले सिँचाइ गर्दा उठेको विद्युत् महशुलसमेत तिरिदिने गरेको छ ।

आफ्नो पालिकाका अधिकांश नागरिक कृषि पेशामा संलग्न रहेकाले उनीहरूलाई सुविधा पुऱ्याउने उद्देश्यले योजना शुरू गरेको अध्यक्ष राजकुमार महतोले बताए । यसले नागरिकको जीवनस्तर सुधारमा मद्दत पुगेको उनको भनाइ छ । नजिकै खोला, नहर जस्ता सिँचाइका स्रोत नभएका कारण किसान समस्यामा परेका उनले बताए ।

चालू आर्थिक वर्षको विद्युत् महशुलको बिल संकलन भइरहेकाले केही दिनभित्रमा विद्युत् महशुल भुक्तानी गरिने अध्यक्ष महतोले बताए । कृषि विद्युतीकरणपछि गाउँपालिकाका किसानले बाँझो छाडेको खेतबाट समेत मनग्य उत्पादन लिन थालेका छन् । यसरी प्रदान गरिएको कृषि मिटरबाट २ देखि १२ बिघासम्म खेतमा सिँचाइ गर्न सकिने कृषि प्रविधिकको भनाइ छ ।

कृषि विद्युतीकरणबाट विगत २ वर्षमा यस पालिकाको ९ हजार बिघा खेत सिँचाइ गरिएको छ। आगामी दिनमा पालिका क्षेत्रमा पानीका स्रोत संरक्षणका लागि अध्ययन भइरहेको अध्यक्ष महतोले बताए । यसअघि पालिकामा कृषि सिँचाइका लागि पोखरी निर्माण गरेर बर्खामा जमेको पानी प्रयोग गर्नुपर्ने बाध्यता थियो । *रासस*

## आगामी साधारणसभा

| क्र.सं. | कम्पनीको नाम | आर्थिक वर्ष | स्थान | मिति | समय | प्रस्तावित लाभांश (%) बोनस | प्रस्तावित लाभांश (%) नगद | अन्य प्रस्ताव | बुक क्लोज |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड | २०८०/८१ | कालिमाटी ब्याङ्क्वेट हल, कालिमाटी, काठमाडौं | चैत २७ | ११:०० | | | ६५ प्रतिशत हकप्रद शेयर जारी गर्ने, वार्षिक प्रतिवेदन पारित गर्ने | चैत ८ |
| २ | ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड | २०८०/८१ | होटल पिस प्यालेस, बागलुङ | चैत २७ | ११:०० | ५.७५ | ०.३०२७ | ११०.७१ प्रतिशत हकप्रद शेयर जारी गर्ने, सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | चैत १५ |
| ३ | मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | होटल अमुप्रस्थ ब्याङ्क्वेट एण्ड इभेन्ट्स, बुढानिलकण्ठ, काठमाडौं | वैशाख २ | ११:०० | | | एफपीओ निष्कासन गर्ने, सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | चैत २२ |
| ४ | गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | विशेष | होटल एयरपोर्ट, विराटनगर, मोरङ्ग | वैशाख ५ | ११:०० | | | शतप्रतिशत हकप्रद शेयर जारी गर्ने | चैत २८ |
| ५ | सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | मर्स्याङ्दी रिभर भ्यू रिसोर्ट, बन्दिपुर, तनहुँ | वैशाख ६ | ११:०० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | चैत २६ |

### नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका 'अन्य' समूहका कम्पनीहरू

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | ट्रेड टावर लिमिटेड | १,१५८,९८० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०७९ असार १४ |
| २ | कान्तिपुर टेलिभिजन नेटवर्क लिमिटेड | ७५०,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८० जेठ २८ |
| ३ | डिस मिडिया नेटवर्क लिमिटेड | १३,५८४,९५५ | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० असार १२ |
| ४ | आइएमई लिमिटेड | १,०००,००० | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० असार २९ |
| ५ | हस्पिटल फर एडभान्स्ड मेडिसिन एण्ड सर्जरी लि. | १,१२५,००० | २८८ | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८० पुस ६ |
| ६ | नेपाल ब्रोडकास्टीङ्ग च्यानल लिमिटेड | १,०००,००० | ५० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ जेठ २१ |
| ७ | कैलाश हेलिकप्टर सर्भिसेस लिमिटेड | ३५०,००० | ३२७ | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ जेठ २९ |
| ८ | झापा इनर्जी लिमिटेड | ९५०,४७५ | १०० | हिमालयन क्यापिटल लिमिटेड | २०८१ जेठ ३० |
| ९ | छाया देबी कम्प्लेक्स लिमिटेड | १,४३७,५०० | ४०० | प्रभु क्यापिटल लिमिटेड | २०८१ भदौ २ |
| १० | बिजनेस ईन्टरेष्ट ग्रुप अफ इण्डष्ट्रिज लिमिटेड | ४,५००,००० | १०० | कुमारी क्यापिटल लिमिटेड | २०८१ असार २ |
| ११ | जि. आई. सोलार लिमिटेड | १,३६३,३६० | १०० | आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८१ पुस २८ |

### नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका उत्पादन तथा प्रशोधन समूहका कम्पनीहरू

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | एक्कर्ड फर्मास्यूटिकल्स लिमिटेड | ७०६,९०९ | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०७९ पुस ४ |
| २ | जगदम्बा स्टिल्स लिमिटेड | २०,०७०,००० | ३०० | सिद्धार्थ क्यापिटल लिमिटेड | २०८० असोज १७ |
| ३ | एसवाई प्यानल नेपाल लिमिटेड | ५,२३२,५४८ | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० असोज १९ |
| ४ | शौर्य सिमेन्ट इण्डष्ट्रिज लिमिटेड | १५,९८१,५०० | २६४.५१ | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८० पुस १२ |
| ५ | मारूती सिमेन्ट्स लिमिटेड | ११,६००,००० | ३७७ | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८० पुस २६ |
| ६ | स्मार्ट डोर्स लिमिटेड | ३०६,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ वैशाख ३ |
| ७ | पाल्पा सिमेन्ट इण्डष्ट्रिज लिमिटेड | ७,५००,००० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८१ वैशाख २३ |
| ८ | लक्ष्मी टेक्नो प्लाष्ट लिमिटेड | १,०००,००० | १०० | नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८१ जेठ २१ |
| ९ | श्री डिष्टिलरी लिमिटेड | ९६०,००० | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८१ असार १ |
| १० | सोपन फर्मास्यूटिकल्स लिमिटेड | १,१००,००० | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८१ असार ३० |
| ११ | भुगर्भ सिमेन्ट लिमिटेड | १,२६२,५०० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८१ भदौ १३ |
| १२ | रिद्धिसिद्धि सिमेन्ट लिमिटेड | १२,१७१,५०० | २१४.१० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ असोज १८ |
| १३ | सागर डिष्टिलरी लिमिटेड | ७९२,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ असोज २१ |
| १४ | अम्बे स्टिल्स लिमिटेड | ११,१९२,७२७ | ३०३ | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८१ कात्तिक ७ |
| १५ | एभरेष्ट कलर लिमिटेड | ७८०,००० | ५० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ मङ्सिर २८ |
| १६ | महाशक्ति सिमेन्ट लिमिटेड | १७,८५०,८५७ | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८१ फागुन २६ |

### नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका जलविद्युत् समूहका कम्पनीहरू

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | सानिमा हाइड्रोपावर लिमिटेड | १,४७०,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८० जेठ २६ |
| २ | हिमस्टार उर्जा कम्पनी लिमिटेड | १,११९,००० | १०० | एन आई सी एशिया क्यापिटल लि. | २०८० जेठ ३१ |
| ३ | दरम खोला हाइड्रो इनर्जी लिमिटेड | ३,९५०,००० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८० भदौ ५ |
| ४ | भुजुङ्ग हाइड्रोपावर लिमिटेड | १,४५५,००० | १०० | कुमारी क्यापिटल लिमिटेड | २०८० भदौ १३ |
| ५ | रिचेत जलविद्युत् कम्पनी लिमिटेड | १,१७६,४५० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८० भदौ २९ |
| ६ | बेनी हाइड्रोपावर प्रोजेक्ट लिमिटेड | २,०८०,००० | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८० असोज ५ |
| ७ | याम्बालिङ्ग हाइड्रोपावर लिमिटेड | २,८००,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८० असोज १० |
| ८ | माबिलुङ्ग इनर्जी लिमिटेड | १,८९०,५३० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८० असोज १४ |
| ९ | सोलु हाइड्रोपावर लिमिटेड | २०,०००,००० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८० असोज २३ |
| १० | टक्सार पिखुवाखोला हाइड्रोपावर लिमिटेड | ४,२३०,६६८ | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० असोज २६ |
| ११ | विकास हाइड्रोपावर कम्पनी लिमिटेड | ४,४५४,५९६ | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० मङ्सिर १९ |
| १२ | रिज लाईन इनर्जी लिमिटेड | ५,८०४,२०१ | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० मङ्सिर २५ |
| १३ | लाफिङ्ग बुद्ध पावर नेपाल लिमिटेड | ६,५७७,००० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८० पुस २ |
| १४ | कालिन्चोक हाइड्रोपावर लिमिटेड | ७५०,००० | १०० | आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८० माघ २२ |
| १५ | हिम रिभर पावर लिमिटेड | १,३३०,००० | १०० | सिद्धार्थ क्यापिटल लिमिटेड | २०८० माघ २८ |
| १६ | लोअर इर्खुवा हाइड्रोपावर कम्पनी लि. | २,८०५,७५० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८० फागुन ११ |
| १७ | बुंगल हाइड्रो लिमिटेड | २,९०५,००० | १०० | हिमालयन क्यापिटल लिमिटेड | २०८० चैत ६ |
| १८ | कलंगा हाइड्रो लिमिटेड | ४,९००,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८० चैत ६ |
| १९ | सानीगाड हाइड्रो लिमिटेड | ८,५५०,००० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८० चैत ६ |
| २० | एपेक्स मकालु हाइड्रोपावर लिमिटेड | २,४००,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८० चैत १८ |
| २१ | अपोलो हाइड्रोपावर लिमिटेड | १,४१०,००० | १०० | हिमालयन क्यापिटल लिमिटेड | २०८० चैत २० |
| २२ | गौरीशंकर पावर डेभलपमेन्ट लिमिटेड | २,४००,००० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८० चैत २१ |
| २३ | शिखर पावर डेभलपमेन्ट लिमिटेड | २,१६०,००० | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०८० चैत ३० |
| २४ | सिउरी न्यादी पावर लिमिटेड | ३०,३६०,७८४ | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८१ वैशाख १८ |
| २५ | सुपर खुदी हाइड्रोपावर लिमिटेड | ७,५९५,००० | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०८१ वैशाख ३० |
| २६ | माउण्ट एभरेष्ट पावर डेभलपमेन्ट लि. | २,५८०,००० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ जेठ ६ |
| २७ | यूनिक हाईडेल कम्पनी लिमिटेड | २,२००,००० | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०८१ जेठ १६ |
| २८ | आशुतोष इनर्जी लिमिटेड | १,२००,००० | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८१ जेठ २१ |
| २९ | हिलटन हाइड्रो इनर्जी लिमिटेड | १,३७५,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८१ जेठ २४ |
| ३० | स्नो रिभर्स लिमिटेड | १,६२५,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८१ जेठ २४ |
| ३१ | सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेड | १,३७९,३५० | १०० | कुमारी क्यापिटल लिमिटेड | २०८१ असार ४ |
| ३२ | पुवा खोला-वान हाइड्रोपावर लिमिटेड | १,९४६,६६० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८१ असार ५ |
| ३३ | मादमे खोला हाइड्रोपावर लिमिटेड | ३,२५०,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ साउन १३ |
| ३४ | निलगिरी खोला हाइड्रोपावर कम्पनी लि. | ४,३२०,००० | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८१ साउन २२ |
| ३५ | पिपुल्स इनर्जी लिमिटेड | ६,६००,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८१ साउन २३ |
| ३६ | चम्पावती हाइड्रोपावर लिमिटेड | १,६००,००० | १०० | आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८१ कात्तिक ४ |
| ३७ | हीम पर्वत हाइड्रोपावर लिमिटेड | ५,९१५,००० | १०० | सिटिजन्स क्यापिटल लिमिटेड | २०८१ मङ्सिर ५ |
| ३८ | सेन्चुरी इनर्जी लिमिटेड | ३००,००० | २७५.११ | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ मङ्सिर १४ |
| ३९ | ह्याविटयाट पावर कम्पनी लिमिटेड | १,१००,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ मङ्सिर २१ |
| ४० | नुम्बुर हिमालय हाइड्रोपावर लिमिटेड | ३,००६,२०२ | २१८ | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८१ पुस ७ |
| ४१ | युनाइटेड मेवा खोला हाइड्रोपावर लि. | १२,३००,००० | १०० | सिटिजन्स क्यापिटल लिमिटेड | २०८१ पुस ११ |
| ४२ | आरती पावर कम्पनी लिमिटेड | ३,६००,००० | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०८१ फागुन ९ |
| ४३ | मेवा डेभलपर्स लिमिटेड | ११,२००,००० | १०० | हिमालयन क्यापिटल लिमिटेड | २०८१ फागुन ९ |

### नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका लघुबीमा समूहका कम्पनीहरू

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेड | २,२५०,००० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ असोज २० |
| २ | स्टार माइक्रो इन्स्योरेन्स लिमिटेड | २,२५०,००० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ मङ्सिर ९ |
| ३ | लिबर्टी माइक्रो लाइफ इन्स्योरेन्स लि. | २,२५०,००० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ मङ्सिर २० |

### धितोपत्र बोर्डमा पाइपलाईनमा रहेका म्युचुअल फण्ड

| क्र.सं. | म्युचुअल फण्डको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | योजना व्यवस्थापक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | आरविवि फोकस ४० | १००,०००,००० | १० | आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८१ पुस १४ |
| २ | सिटिजन्स सन्तुलित योजना | १००,०००,००० | १० | सिटिजन्स क्यापिटल लिमिटेड | २०८१ पुस १९ |
| ३ | सानिमा इक्विटी फण्ड-२ | १००,०००,००० | १० | सानिमा क्यापिटल लिमिटेड | २०८१ माघ ४ |
| ४ | हिमालयन दीर्घकालीन बचत योजना | १००,०००,००० | १० | हिमालयन क्यापिटल लिमिटेड | २०८० चैत १९ |
| ५ | एनआईसी एशिया इक्विटी लिङ्क्ड इन्भेष्टमेण्ट स्किम | १००,०००,००० | १० | एनआईसी एशिया क्यापिटल लिमिटेड | २०८० असार ३१ |
| ६ | एनआई ३१ | १५,०००,००० | १० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०७९ चैत १६ |
| ७ | ग्लोबल आइएमई समुन्नत योजना-२ | १२०,०००,००० | १० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०७९ चैत १९ |
| ८ | सिटिजन्स सदाबाहार योजना | ५०,०००,००० | १० | सिटिजन्स क्यापिटल लिमिटेड | २०८१ असोज २ |
| ९ | प्रभु सिस्ट्मेटिक इन्भेष्टमेण्ट स्किम | ४०,०००,००० | १० | प्रभु क्यापिटल लिमिटेड | २०७९ कात्तिक ३० |

### जलविद्युत् कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत २१)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | कुथेली बुखरी स्मल हाइड्रोपावर लिमिटेड | २२६२.२५ | ३३०० | १००० |
| २ | सिक्लेस हाइड्रोपावर लिमिटेड | ११४९.४६ | १४७५ | ४८० |
| ३ | बाराही हाइड्रोपावर पब्लिक लिमिटेड | १०३५.४३ | १२७५ | ४४९ |
| ४ | भगवति हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लि. | १०२६.०९ | १३६१.७ | ५७९.१ |
| ५ | सुपर मादी हाइड्रोपावर लिमिटेड | ९६३.४९ | १६५७ | ४२१.५ |
| ६ | सुपरमाई हाइड्रोपावर लिमिटेड | ९३३.७१ | १२८३ | ६४० |
| ७ | मिड सोलु हाइड्रोपावर लिमिटेड | ८९३.१५ | ११८० | ५९४ |
| ८ | माण्डु हाइड्रोपावर लिमिटेड | ८८६.२१ | १४९३.१ | ६७२ |
| ९ | शुभम पावर लिमिटेड | ८८४.२ | ११०९.६ | ६२३.५ |
| १० | रावा इनर्जि डेभलपमेन्ट लिमिटेड | ८६१.६८ | ९९० | ४५२.२ |
| ११ | थ्रीस्टार हाइड्रोपावर लिमिटेड | ८१९.२४ | १२३१ | ४७५.४ |
| १२ | नेपाल हाइड्रो डेभलोपर लिमिटेड | ८०२ | १००२.६ | ४०८ |
| १३ | भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेड | ७९२.५५ | १०८० | ३३७.२ |
| १४ | सयपत्री हाइड्रोपावर लिमिटेड | ७६५.१९ | ९२२ | ४४३ |
| १५ | अपर हेवाखोला हाइड्रोपावर कम्पनी लिमिटेड | ७४७.२४ | ९९३.४ | ३४९.९ |
| १६ | अप्पर स्याङ्गे हाइड्रोपावर लिमिटेड | ७३७.६ | ९६१ | ४५० |
| १७ | एशियन हाइड्रोपावर लिमिटेड | ७३२.७९ | ९०४ | ४२६.१ |
| १८ | रिभर फल्स पावर लिमिटेड | ७३०.४९ | १४८४ | ३२२.९ |
| १९ | रू रू जलविद्युत् परियोजना लिमिटेड | ७२५.८१ | ९२६.८ | ४८४.९ |
| २० | मकर जितुमाया सुरी हाइड्रोपावर लिमिटेड | ७०९.१३ | ८६० | ३४२ |
| २१ | मन्दाकिनी हाइड्रोपावर लिमिटेड | ७०५.४८ | ११०१ | ३८४ |
| २२ | चिरख्वा हाइड्रोपावर लिमिटेड | ७०४.८८ | ९१० | ४८०.५ |
| २३ | माईखोला हाइड्रोपावर लिमिटेड | ६९०.३७ | ७६५ | ३९९ |
| २४ | माथिल्लो मैलुङ खोला जलविद्युत् लिमिटेड | ६८९.४२ | ८९०.४ | ३९५ |
| २५ | इष्टर्न हाइड्रोपावर लिमिटेड | ६८८.५३ | ९९७ | ४२३.९ |
| २६ | दोल्ती पावर कम्पनी लिमिटेड | ६८७.०८ | १०१७ | ३९०.१ |
| २७ | ईङवा हाइड्रोपावर लिमिटेड | ६७७.१७ | ८३८ | ३५९.१ |
| २८ | भिजन लुम्बिनी उर्जा कम्पनी लिमिटेड | ६७०.६ | ८१६ | ४४५.१ |
| २९ | हिमालयन पावर पार्टनर लिमिटेड | ६५२.९३ | ६७० | २४४ |
| ३० | न्यादी हाइड्रोपावर लिमिटेड | ६३१.८९ | ८८० | २७६ |
| ३१ | पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेड | ६१०.२१ | ७४५.६ | २७५.१ |
| ३२ | अप्पर सोलु हाइड्रो इलेक्ट्रिक कम्पनी लिमिटेड | ६१०.०८ | ७५२ | ३५६.१ |
| ३३ | युनाइटेड इदी मर्दी एण्ड आर.बि. हाइड्रोपावर लि. | ६०९.८६ | ७९० | ३२५ |
| ३४ | सगरमाथा जलविद्युत् कम्पनी लिमिटेड | ५९३.८१ | ८०० | ३४३.६ |
| ३५ | माउन्टेन इनर्जी नेपाल लिमिटेड | ५९०.८२ | ८०९.५ | ४९८.१ |
| ३६ | बिन्ध्यबासिनी हाइड्रोपावर डेभलपमेन्ट क. लि. | ५८९.५३ | ८२९.७ | ४५५.७ |
| ३७ | मेन्छियाम हाइड्रोपावर लिमिटेड | ५७५.६८ | ७१४ | ३४९.१ |
| ३८ | मैलुङ खोला जलविद्युत् कम्पनी लिमिटेड | ५४६.२४ | ७३५ | ४०२ |
| ३९ | मनकामना इन्जिनियरिङ्ग हाइड्रोपावर लिमिटेड | ५४०.३५ | ६९६ | २९४ |
| ४० | श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लि. | ५३९.५३ | ६४९.५ | ३०२.१ |
| ४१ | सामलिङ्ग पावर कम्पनी लिमिटेड | ५३९.२४ | ७२२ | ४६४ |
| ४२ | राप्ती हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड | ५३६.१६ | ७०८ | ३०४.१ |
| ४३ | तेह्रथुम पावर कम्पनी लिमिटेड | ५३४.५७ | ६७१.६ | ४१० |
| ४४ | त्रिशुली जलविद्युत् कम्पनी लिमिटेड | ५२९.४२ | ६९७ | ४३१ |
| ४५ | माया खोला हाइड्रोपावर कम्पनी लिमिटेड | ५२६.१६ | ६२७ | २९८ |
| ४६ | कालिका पावर कम्पनी लिमिटेड | ५२४.२५ | ६५२.४ | ३८०.२ |
| ४७ | पिपुल्स पावर लिमिटेड | ५२३.३६ | ६८३.४ | ४२८ |
| ४८ | सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड | ५१८.६४ | ६३७ | ३४८ |
| ४९ | मोलुङ्ग हाइड्रोपावर कम्पनी लिमिटेड | ५१६.९६ | ६५५ | ३५५ |
| ५० | अप्पर लोहोरे खोला हाइड्रोपावर कम्पनी लिमिटेड | ५१५.९४ | ६९३ | ३१७ |
| ५१ | बरुण हाइड्रोपावर कम्पनी लिमिटेड | ५१२.६६ | ५५० | २११ |
| ५२ | हिमालयन हाइड्रोपावर लिमिटेड | ५०६.३९ | ६३५ | ३३०.५ |
| ५३ | ग्रीन भेन्चर्स लिमिटेड | ५०५.२ | ६९९.९ | ४०२.४ |
| ५४ | साहस उर्जा लिमिटेड | ५०३.६५ | ७२५ | ४०९.५ |
| ५५ | बुद्धभुमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड | ५०१.५४ | ७४२ | ४२२ |
| ५६ | चिलिमे जलविद्युत् कम्पनी लिमिटेड | ४८१.४८ | ६९७ | ४२६.३ |
| ५७ | सानिमा माई हाइड्रोपावर लिमिटेड | ४७९.९६ | ६८० | ३१६ |
| ५८ | छ्याङ्दी हाइड्रोपावर लिमिटेड | ४७९.८१ | ५९९.७ | २९५.१ |
| ५९ | राधी विद्युत् कम्पनी लिमिटेड | ४४०.६१ | ४७७ | २२३.२ |
| ६० | युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड | ४४०.१५ | ४७४ | २२३.१ |
| ६१ | बुटवल पावर कम्पनी लिमिटेड | ३९७.२ | ५३६.५ | २८४.४ |
| ६२ | दिव्यश्वरी हाइड्रोपावर लिमिटेड | ३९४.६५ | ४२७.२ | १८५.३ |
| ६३ | रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड | ३८१.९९ | ५२७ | २६०.३ |
| ६४ | दोर्दी खोला जलविद्युत् कम्पनी लिमिटेड | ३७४.४ | ६९६ | ३५६.४ |
| ६५ | जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | ३७४.०९ | ५२१.६ | २६५ |
| ६६ | खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेड | ३४५.५५ | ४७५ | २०९ |
| ६७ | सिनर्जी पावर डेभलपमेन्ट लिमिटेड | ३२५.४९ | ३८९ | २२०.२ |
| ६८ | सान्जेन जलविद्युत् कम्पनी लिमिटेड | ३२१.९९ | ४४२ | २५६ |
| ६९ | मध्य भोटेकोशी जलविद्युत् कम्पनी लिमिटेड | ३२१.०२ | ४३३ | २७९.३ |
| ७० | पाँचथर पावर कम्पनी लिमिटेड | ३१८.०१ | ३६७.२ | २२० |
| ७१ | मोदी ईनर्जी लिमिटेड | ३१६.६३ | ३९३ | २१५ |
| ७२ | युनियन हाइड्रोपावर लिमिटेड | ३१४.५७ | ३७१ | २१२.६ |
| ७३ | वलेफी हाइड्रोपावर लिमिटेड | ३०५.३६ | ५२० | २८७.१ |
| ७४ | यूनिभर्सल पावर कम्पनी लिमिटेड | २९५.६९ | ३४५ | १८३ |
| ७५ | पञ्चकन्या माई हाइड्रोपावर लिमिटेड | २९५ | ३४८.८ | २१४.२ |
| ७६ | अपि पावर कम्पनी लिमिटेड | २७४.८६ | ३९० | १६२ |
| ७७ | घलेम्दी हाइड्रो लिमिटेड | २७४.११ | ३१८ | १४१ |
| ७८ | डादी ग्रुप पावर लिमिटेड | २६५ | ५७१ | २५० |
| ७९ | माउन्टेन हाइड्रो नेपाल लिमिटेड | २६२.३८ | ३७९ | २१५.७ |
| ८० | सिंगटी हाइड्रो इनर्जी लिमिटेड | २५३.२ | ३३४.४ | १४३.१ |
| ८१ | अरुण भ्याली हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लि. | २५२.४७ | ३४९ | १४९ |
| ८२ | हिमालय उर्जा विकास कम्पनी लिमिटेड | २४०.३ | ३२६.६ | १८३.६ |
| ८३ | ग्रीनलाईफ हाइड्रोपावर लिमिटेड | २३९.४२ | ३३६ | १९६ |
| ८४ | शिव श्री हाइड्रोपावर लिमिटेड | २३०.२३ | २८१.१ | १५४ |
| ८५ | अरुण काबेली पावर लिमिटेड | २२७.२८ | ३२६ | १५७.२ |
| ८६ | रिडी पावर कम्पनी लिमिटेड | २२२.६८ | ३११ | १५४.५ |
| ८७ | नेशनल हाइड्रोपावर कम्पनी लिमिटेड | २०७.८ | २९० | १३६ |
| ८८ | लिवर्टी इनर्जी कम्पनी लिमिटेड | २०७.५४ | ३४४ | १७५.१ |
| ८९ | आँखुखोला जलविद्युत् कम्पनी लिमिटेड | २०३.१६ | २७४.९ | १५०.९ |
| ९० | अपर तामाकोशी हाइड्रोपावर लिमिटेड | २००.७७ | २९५ | १५२.१ |
| ९१ | हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेड | १९९.१७ | २७३ | १२३.३ |

### विकास बैंकहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत २१)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | नारायणी डेभलपमेन्ट बैंक लिमिटेड | १८१९.८९ | २०६० | ४०० |
| २ | कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड | १७८७.९६ | २८४२.३ | ४०५ |
| ३ | ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड | १३२३.१५ | २००१.४ | ३६० |
| ४ | सप्तकोशी डेभलपमेन्ट बैंक लि. | १११२.४८ | १६२२.७ | २८५ |
| ५ | सिन्धु विकास बैंक लिमिटेड | ११०५.५९ | १४८२ | ३३७ |
| ६ | एक्सेल डेभलपमेन्ट बैंक लिमिटेड | ६२९.३६ | ८३८.२ | ३४३.५ |
| ७ | मितेरी डेभलपमेन्ट बैंक लिमिटेड | ६२९.२६ | ८४३.५ | ४१२.६ |
| ८ | कामना सेवा विकास बैंक लिमिटेड | ४३८.०३ | ५६४.८ | ३४१ |
| ९ | लुम्बिनी विकास बैंक लिमिटेड | ४२३.८३ | ५६० | ३६१ |
| १० | शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक लि. | ४१४.८७ | ६२५ | ३५४ |
| ११ | सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड | ४०६.४१ | ४९७ | २८८ |
| १२ | महालक्ष्मी विकास बैंक लिमिटेड | ३९५.४३ | ४९८ | ३११.७ |
| १३ | गरिमा विकास बैंक लिमिटेड | ३९५.०७ | ५३१.४ | ३५०.१ |
| १४ | मुक्तिनाथ विकास बैंक लिमिटेड | ३६४.६३ | ४८२ | ३३२.४ |
| १५ | ज्योति विकास बैंक लिमिटेड | ३४२.११ | ४४५ | २७५ |

### लघुवित्त कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत २१)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड | ५०२५.६८ | ६७३५ | १९१० |
| २ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड | ३३०१.०६ | ६६०० | १२९५ |
| ३ | गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड | २८१५.१५ | ३४८६ | १५६० |
| ४ | विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | २७८८.५ | ४२७१ | १२१२.३ |
| ५ | समाज लघुवित्त वित्तीय संस्था लिमिटेड | २५९९.२८ | ४१८१ | १७८० |
| ६ | सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेड | २४५५.८२ | ४०२६.२ | १३०० |
| ७ | महिला लघुवित्त वित्तीय संस्था लिमिटेड | २२५७.९४ | २६४८.७ | १६४७ |
| ८ | युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | २२२४.५८ | ३२२३ | १५६५ |
| ९ | श्रृजनशील लघुवित्त वित्तीय संस्था लिमिटेड | २१७६.४ | २९०७ | १०१३ |
| १० | सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | १९५०.२३ | ३०४७ | ८०४ |
| ११ | स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेड | १८६०.५७ | २४२६.४ | ११११ |
| १२ | नेप्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड | १८३०.९२ | २६४१ | १६४१ |
| १३ | मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड | १७५१.१३ | २५३० | १०१७.९ |
| १४ | उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड | १६४०.०५ | २३६३.३ | १३२० |
| १५ | गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड | १६०९.७८ | २३२७ | १०७५ |
| १६ | सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | १६०६.८८ | १९५८ | १३२१ |
| १७ | धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड | १५७०.३८ | २२५० | १०९१ |
| १८ | मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेड | १५२८.३९ | २०१९ | ९६९ |
| १९ | जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लि. | १४६६.५ | १८६०.४ | १०७० |
| २० | जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | १३३५.७५ | १९२० | १२६९.१ |
| २१ | महुली लघुवित्त वित्तीय संस्था लिमिटेड | १२६४.०५ | १८५१ | १०६२.१ |
| २२ | ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेड | १२६२.९६ | १८१५ | ९४६.१ |
| २३ | मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड | १२३०.३३ | १७१६ | ८२० |
| २४ | नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेड | १२००.९४ | १७२७ | १११५ |
| २५ | फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. | ११८७.०५ | १७३९ | १०८० |
| २६ | कालिका लघुवित्त वित्तीय संस्था लिमिटेड | १०८६ | १२८५ | ७३२.५ |
| २७ | आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेड | १०८०.२४ | १४९१ | ७३०.४ |
| २८ | अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड | १०७१.०५ | १३०६.८ | ६५०.३ |
| २९ | लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेड | १०६८.१६ | १४२८ | ८४० |
| ३० | स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड | ९७१.६५ | १२५० | ६४० |
| ३१ | हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड | ९७०.८७ | १४४७ | ६८१.१ |
| ३२ | सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेड | ९३८.०१ | १४७०.८ | ६८७ |
| ३३ | इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेड | ९२३.३८ | १४९२ | ९०५ |
| ३४ | नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड | ८८५ | ११९० | ६६५ |
| ३५ | विजय लघुवित्त वित्तीय संस्था लिमिटेड | ८७०.४४ | ११७४ | ६७० |
| ३६ | छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड | ८५२.७२ | ११५५ | ८०० |
| ३७ | ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | ८३४.०८ | ९८७ | ६०० |
| ३८ | आशा लघुवित्त वित्तीय संस्था लिमिटेड | ८२९.७५ | ११७७ | ६९६.२ |
| ३९ | समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड | ८२८.३ | १२७१ | ६९४.२ |
| ४० | स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड | ८२७.२७ | १२३२ | ७११.५ |
| ४१ | साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. | ७९७.९२ | ११०५ | ७८१ |
| ४२ | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड | ७८१.७१ | १०९९ | ६७० |
| ४३ | फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. | ७७३.६३ | १००४ | ५९४.३ |
| ४४ | सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड | ७४०.५२ | १२१४.८ | ७०७ |
| ४५ | एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेड | ७३२.०१ | ९१८ | ५८१ |
| ४६ | आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड | ७३०.७९ | ८९० | ५९० |
| ४७ | मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. | ७२४.०५ | ९८० | ६०२ |
| ४८ | निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | ६८३.५ | ९३०.२ | ६१३ |
| ४९ | नेरूडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड | ६६३.२६ | ९८८ | ५९५ |
| ५० | एनआईसी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड | ६५२.७८ | ९०७ | ६०१ |

### उत्पादन तथा प्रशोधन कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत २१)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | युनिलिभर नेपाल लिमिटेड | ४६३५० | ५६८०५.८ | ३८४०० |
| २ | बोटलर्स नेपाल (बालाजु) लिमिटेड | १६५४८ | २२५०० | १४९०० |
| ३ | बोटलर्स नेपाल (तराई) लिमिटेड | १३१०५.५ | १८१०० | १२२०८.१ |
| ४ | हिमालयन डिष्टिलरी लिमिटेड | १२१४.५ | १७४९ | ११३६ |
| ५ | सर्वोत्तम सिमेन्ट लिमिटेड | ७९१.५८ | १०६० | ६९६.८ |
| ६ | घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेड | ५५४.०५ | ६६८ | ४६० |
| ७ | शिवम् सिमेन्ट्स लिमिटेड | ५३८.२२ | ७७९.९ | ४७०.५ |
| ८ | सोनापुर मिनरल्स् एण्ड आयल लिमिटेड | ४६९.८८ | ६२४ | ४२२.१ |

### लगानी कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत २१)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | सिईडिबि होल्डिङ्ग्स लिमिटेड | २४४३.२२ | २५०० | ६२७ |
| २ | नागरिक लगानी कोष | १९७०.५४ | २७०० | १८८७ |
| ३ | एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड | १६८४.६१ | १७१५ | ४७८.३ |
| ४ | हाथवे इन्भेष्टमेण्ट नेपाल लिमिटेड | १३७८.३२ | १८१६ | ८०८.५ |
| ५ | इमर्जिङ्ग नेपाल लिमिटेड | १२४५.१६ | १४५३.५ | ७३३.३ |
| ६ | नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड | २७७.१ | ३६६.६ | १८८.१ |
| ७ | हाइड्रोईलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड | २७४.९९ | ३६० | १५८.१ |

### फाइनान्स कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत २१)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | नेपाल फाइनान्स लिमिटेड | ७०८.२४ | २६१४.९ | ३६६.४ |
| २ | गुडविल फाइनान्स लिमिटेड | ६७१.५२ | १३५३ | ४३८ |
| ३ | मल्टीपर्पस फाइनान्स लिमिटेड | ६४६.९९ | ९३६.९ | ३५६.१ |
| ४ | सेन्ट्रल फाइनान्स लिमिटेड | ६१३.२१ | ८२० | ३३८.१ |
| ५ | आइसिएफसि फाइनान्स लिमिटेड | ६०९.८ | ९१० | ४८८ |
| ६ | मञ्जुश्री फाइनान्स लिमिटेड | ६०८.५९ | ९१७ | ४८६.१ |
| ७ | गोर्खाज फाइनान्स लिमिटेड | ५८६.८७ | १०४१ | ५४८ |
| ८ | बेष्ट फाइनान्स कम्पनी लिमिटेड | ५६७.५९ | ९५१.६ | ३३० |
| ९ | प्रोग्रेशिभ फाइनान्स लिमिटेड | ५५०.७४ | ८६५ | ३०९ |
| १० | समृद्धि फाइनान्स कम्पनी लिमिटेड | ५४८.९१ | १११७.९ | ३१० |
| ११ | रिलायन्स फाइनान्स लिमिटेड | ५४६.९७ | ८३८ | ३४९.४ |
| १२ | श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स क. लि. | ५३१.५९ | ७९५ | ३५६.७ |
| १३ | गुहेश्वरी मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेड | ५१५.११ | ७५९ | ३४८ |
| १४ | जानकी फाइनान्स कम्पनी लिमिटेड | ५१४.०७ | १०८३.३ | ३८० |
| १५ | पोखरा फाइनान्स लिमिटेड | ४३४.६३ | ७९५ | ३३९.९ |

### 'अन्य' कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत २१)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | मुक्तिनाथ कृषि कम्पनी लिमिटेड | १६४५.४६ | १९२६ | ७८५ |
| २ | नेपाल पुनर्बीमा कम्पनी लिमिटेड | १३४६.०६ | १३८९.९ | ६३०.१ |
| ३ | हिमालयन रिइन्स्योरेन्स लिमिटेड | १०५८.१७ | ११५६ | ५१२ |
| ४ | नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेड | ९६९.६६ | १२६४ | ६७८ |
| ५ | नेपाल दूरसञ्चार कम्पनी लिमिटेड | ९०१.५७ | १२१४ | ८०० |
| ६ | नेपाल रिपब्लिक मिडिया लिमिटेड | ४९६.६१ | ६४५ | ३३८.१ |



तस्वीर : रासस

म्याग्दीको बेनी नगरपालिका–९ स्थित तोरीपानीका किसानहरू पाकेको जौ बोकेर घरतर्फ लैजाँदै । हिउँदे रैथाने बालीको रूपमा खेतबारीमा लगाएको जौ पाकेपछि भित्र्याउनका लागि स्थानीय कृषकहरू व्यस्त छन् ।

# सीडीएससीमा नयाँ सञ्चालक समिति



काठमाडौं (अस) । सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड (सीडीएससी) मा नयाँ सञ्चालक समिति बनेको छ । नेपाल स्टक एक्सचेन्ज (नेप्से) का नवनियुक्त सीईओ चूडामणि चापागाँईले सीडीएससीको अध्यक्षको रूपमा पद तथा गोपनियताको सपथ लिएका हुन् ।

शुक्रवार सीडीएससीको सञ्चालक समितिका अध्यक्षको रूपमा चापागाँईसँगै नेपाल सरकार अर्थ मन्त्रालयको तर्फबाट दुई सञ्चालकले समेत सपथ लिएका छन् । अर्थमन्त्रालयको तर्फबाट सञ्चालक समितिको सदस्यमा मनोनीत भएका अर्थमन्त्रालयका उपसचिवद्वय केशव कुमार उप्रेती र देवानन्द काफ्लेले सञ्चालकको रूपमा सपथ लिएका हुन् ।

यससँगै सीडीएससीमा चापागाँईको अध्यक्षतामा चार सदस्यीय सञ्चालक समिति बनेको छ । अर्का सञ्चालकमा भने सीडीएससीकै प्रबन्ध सञ्चालक प्रविन पन्दाक रहेकी छिन् । कम्पनी सचिवमा भने सविना पुजारी रहेकी छिन् ।

अर्थमन्त्रालयबाट सीडीएससीको सञ्चालक समितिमा पहिलो पटक प्रतिनिधि पठाइएको हो । यस अघि सीडीएससीमा नेप्सेको शतप्रतिशत शेयर लगानी रहेकोमा अब ४९ प्रतिशत शेयर नेपाल सरकार अर्थ मन्त्रालयको नाममा कायम गरिएको छ ।

सीडीएससीको गत पुस २८ गते सम्पन्न साधारणसभाले शेयर संरचना परिवर्तनसम्बन्धी प्रस्ताव पारित गरेको थियो । सीडीएससीको चुक्तापूँजी ३० करोड रुपैयाँ रहेको छ । यस अघि नेप्सेको स्वामित्वमा सम्पूर्ण कित्ता शेयर रहेकोमा ३० करोडमध्ये १४ करोड ७२ लाख रुपैयाँ बराबरको शेयर पूँजी नेपाल सरकार अर्थ मन्त्रालयको नाममा कायम गरिएको हो । हाल १५ करोड २८ लाख रुपैयाँ बराबरको शेयर मात्र नेप्सेको स्वामित्वमा कायम भएको छ । कुल शेयरमा नेपाल स्टक एक्सचेन्जको ५० दशमलव ९३ प्रतिशत र अर्थ मन्त्रालयको ४९ दशमलव शून्य ६ प्रतिशत कायम भएको छ ।

# करीब ३७ करोड धितोपत्र डिम्याट हुन बाँकी

काठमाडौं (अस) । धितोपत्र कारोबारका लागि डिम्याट खाता अनिवार्य भएसँगै आफूसँग भएका सम्पूर्ण धितोपत्र पनि डिम्याट खातामा जम्मा गर्नुपर्ने हुन्छ । पछिल्लो तथ्यांकलाई हेर्दा सूचीकृत धितोपत्रमध्ये ३६ करोड ९८ लाख ७० हजार ७७८ कित्ता धितोपत्र डिम्याट खातामा जम्मा भएका छैनन् ।

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड (सीडीएससी) ले दिएको जानकारी अनुसार चैत २४ गतेसम्म १४ अर्ब ३ करोड ७ लाख ८४ हजारभन्दा बढी कित्ता धितोपत्र दोस्रो बजारमा सूचीकृत भएपनि १३ अर्ब ६६ करोड ९ लाख १३ हजारभन्दा बढी कित्ता धितोपत्र मात्र सम्बन्धित शेयरधनीहरूले हितग्राही खातामा जम्मा गरेका छन् ।

हितग्राही खातामा जम्मा भएका धितोपत्र मात्र कारोबारयोग्य हुने भएकाले हालसम्म पनि आफ्नो धितोपत्र हितग्राही खातामा जम्मा नगरेका सदस्यहरूलाई सम्बन्धित कम्पनीहरूले सूचना जारी गरेरै आग्रह गर्ने गरेका छन् । धितोपत्र कारोबारलाई प्रविधिमैत्री बनाउने उद्देश्य सहित २०७३ साल साउन १ गतेदेखि डिम्याट खाता अनिवार्य गरिएको थियो ।

सार्वजनिक निष्कासनमा आएका धितोपत्र खरीदका लागि आवेदन दिँदा लगानीकर्ताले डिम्याट खाता अनिवार्य उल्लेख गर्नुपर्ने व्यवस्था उक्त समयमा गरिएको थियो । अनिवार्य डिम्याटको व्यवस्था उपत्यका भित्रका लगानीकर्ताको लागि साउन १ गतेदेखि र उपत्यका बाहिरका लगानीकर्ताको लागि माघ १ गतेदेखि अनिवार्य रूपमा लागू गरिएको थियो । डिम्याट खाता खोल्नेको संख्या बढेसँगै क्रमिक रूपमा डिम्याटमा धितोपत्र जम्मा हुने क्रम पनि बढीरहेको जानकारी सिडिएससीले दिएको छ ।

२०७३ साल साउन १ गतेदेखिका सार्वजनिक निष्कासनका धितोपत्र हितग्राही खातामै जम्मा भएकाले त्यस अघि कागजी रूपमा जारी भएका धितोपत्र अझै डिम्याट हुन नसकेको भनाइ सीडीएससीको छ ।

पुराना लगानीकर्ता अहिलेको जस्तो सक्रिय नभएको र कतिपयले आफ्नो शेयर प्रमाणपत्रनै नपाएकाले डिम्याट गर्न नसकेको बताउँछन् । पुराना लगानीकर्ता इन्द्रकृष्ण श्रेष्ठ पछिल्लो समय डिम्याटमै शेयर जम्मा हुने भएर पनि सजिलो भएको बताउँछन् । पहिला पहिलाका कतिपय शेयर प्रमाणपत्र हराएकाले पुराना बिर्सेका शेयर कसरी डिम्याट गराउने भन्नेमा अन्योल रहेको भनाइ श्रेष्ठको छ ।

सम्बन्धित कम्पनीहरूसँग रेकर्ड भए त्यस्ता शेयर अभौतिकीकरणका लागि शेयरधनीहरूलाई जानकारी गराई आवश्यक कागजात पुनः उपलब्ध गराउनुपर्ने माग लगानीकर्ता श्रेष्ठले गरेका छन् । डिम्याट खाता अनिवार्य भएसँगै पछिल्ला समय बोनस शेयर हितग्राही खातामै जम्मा हुने र नगद लाभांश हितग्राही खातामा उल्लेख बैंक खातामा जम्मा हुने व्यवस्था भएको छ ।

धितोपत्र कारोबारलाई सहज बनाइरहेको हितग्राही खाता करीब ६७लाख खोलिएको तथ्यांक सीडीएससीले सार्वजनिक गरेको छ ।

| विवरण | कित्ता |
|---|---|
| धितोपत्र दोस्रो बजारमा सूचीकृत धितोपत्र | १४,०३०,७८४,३२३ |
| हितग्राही खातामा जम्मा गरिएको शेयर (डिम्याट गरिएको शेयर) | १३,६६०,९१३,५४५ |
| डिम्याट हुन बाँकी धितोपत्र | ३६९,८७०,७७८ |

स्रोत : सीडीएससी

# नेपाल लाइफ इन्स्योरेन्सको संस्थापक शेयर विक्रीमा

काठमाडौं (अस) । नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले ५ लाख २३ हजार ११२ कित्ता संस्थापक शेयर विक्रीमा ल्याएको छ । कम्पनीले प्रुडेन्सियल क्यापिटल म्यानेजमेन्ट कम्पनीको नाममा रहेको उक्त शेयर विद्यमान संस्थापक शेयरधनीहरूले मात्र खरीद गर्न पाउने गरी विक्रीमा ल्याएको हो ।

इच्छुक विद्यमान संस्थापक शेयरधनीहरूले सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालय कमलादी, काठमाडौंमा आवेदन पेश गर्नुपर्नेछ । तोकिएको अवधिभित्र विद्यमान संस्थापक शेयरधनीहरूले आवेदन पेश नगरेमा अन्य व्यक्ति तथा संस्थामा यी शेयर विक्री गरिने जानकारी कम्पनीले दिएको छ ।

| एफपीओ अपडेट | |
|---|---|
| **कम्पनी** | **विन नेपाल लघुवित्त वित्तीय संस्था लि.** |
| दिन | २०८१ चैत २४ गते |
| एफपीओ निष्कासन भएको मूल्य | रू. १०० |
| कुल निष्कासन कित्ता | ५१ हजार २९२ |
| आवेदक संख्या | १४ लाख ५३ हजार ६३१ |
| आवेदन परेको कित्ता | १ करोड ७३ लाख ५५० |
| आवेदन परेको रकम | १ अर्ब ७३ करोड ५५ हजार |
| निष्कासनको तुलनामा माग | ३३७.३० गुणा |
| निष्कासन बन्द हुने मिति | २०८१ चैत २६ गते |
| विक्री प्रबन्धक | नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लिमिटेड |

स्रोत : सीडीएससी

**होटल तथा पर्यटन कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत २१)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | कालिञ्चोक दर्शन लिमिटेड | ११०२.९ | १३८१ | ७५२.१ |
| २ | तारागाउँ रिजेन्सी होटल्स लि. | १०४०.०३ | १५३८ | ६९५.१ |
| ३ | ओरियण्टल होटल्स लिमिटेड | ८८६.६१ | १२०५ | ७०४ |
| ४ | चन्द्रागिरि हिल्स लिमिटेड | ८६९.२५ | १३६० | ७६० |
| ५ | सिटि होटल लिमिटेड | ८५३.३७ | ११६८.५ | ५६२ |
| ६ | सोल्टी होटल लिमिटेड | ४८६.३६ | ६३६.५ | ४१६.५ |

# ब्रोकरहरूले राखे टीएमएसको मोबाइल एप सञ्चालनको माग



काठमाडौं (अस) । नेपाल स्टक एक्सचेन्ज (नेप्से) का प्रमुख कार्यकारी अधिकृत (सीईओ) चूडामणि चापागाँई समक्ष धितोपत्र दलाल व्यवसायी (ब्रोकर) हरूले टीएमएस मोबाइल एप सञ्चालनको माग गरेका छन् ।

शुक्रवार नवनियुक्त नेप्सेका सीईओ चापागाँईसँग भेटमा स्टक ब्रोकर एसोसिएसन अफ नेपालका प्रतिनिधिहरूले टीएमएसको मोबाइल एप नहुँदा आम लगानीकर्ताले समस्या भोग्दै आएको गुनासो गर्दै तत्काल कार्यान्वयनमा ल्याउन माग गरेका हुन् । स्टक ब्रोकर एसोसिएसनका अध्यक्ष सागर ढकालले टीएमएसको मोबाइल एप सञ्चालन गरी आम लगानीकर्तालाई सहज रूपमा कारोबार गर्ने वातावरण बनाउन चापागाँई समक्ष आग्रह गरेका हुन् ।

करीब ६७ लाख लगानीकर्ता रहेको पूँजीबजारमा टीएमएसको मोबाइल एप सञ्चालनसँगै बजारमा सकारात्मक प्रभाव पार्ने विश्वास ढकालले व्यक्त गरेका छन् ।

ब्रोकरहरूको आग्रहलाई मनन गर्दै नवनियुक्त सीईओ चापागाँईले पूँजीबजारको आवश्यकतालाई बुझेर काम गर्ने बताएका छन् । निजी क्षेत्रको अनुभव रहेका नेप्सेका सीईओ चापागाँईले आफ्नो कार्यकालभर नयाँ सुधारका काम हुने बताए । उनले नेप्सेको सीईओको जिम्मेवारी सम्हालेसँगै दैनिक पूँजीबजारका गतिविधिका बारेमा जानकारी लिइरहेको र बजारको आवश्यकतालाई ध्यान दिइरहेको उल्लेख गरे ।

नवनियुक्त सीईओलाई बधाई तथा शुभकामना दिनका लागि स्टक ब्रोकर एसोसिएसनका अध्यक्ष सहित उपाध्यक्ष नितेश अग्रवाल, महासचिव भक्तिराम घिमिरे, सचिव विनय पौडेल, कार्यसमिति सदस्य विशालकुमार अग्रवाल, जेलिना कँडेल, जयन्त श्रीवास्तव, प्रियन्सु अग्रवाल लगायतको टीम नेप्से पुगेको थियो । एसोसिएसनले नवनियुक्त नेप्सेका सीईओ चापागाँईले बजारका सबै सरोकारवाला निकायसँगै आम लगानीकर्ताको हितलाई ध्यानमा राखेर आगामी दिनमा काम गर्ने विश्वास लिएको छ ।

**वाणिज्य बैंकहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत २१)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेड | ६३५.७ | ७९० | ५१० |
| २ | एभरेष्ट बैंक लिमिटेड | ६०५.३४ | ७९० | ४८७.३ |
| ३ | नबिल बैंक लिमिटेड | ४८८.७३ | ७०० | ४१९ |
| ४ | नेपाल एसबिआई बैंक लिमिटेड | ४१७.५४ | ५४९ | २६८.६ |
| ५ | एनआईसी एशिया बैंक लिमिटेड | ३७८.०९ | ५७३ | ३४१.६ |
| ६ | सानिमा बैंक लिमिटेड | ३०२.७५ | ३८२ | २२८ |
| ७ | कृषि विकास बैंक लिमिटेड | २९९.१३ | ४२८.४ | २२०.५ |
| ८ | सिद्धार्थ बैंक लिमिटेड | २९०.३६ | ३८० | २१४ |
| ९ | प्राइम कमर्सियल बैंक लिमिटेड | २५६.८१ | ३२९ | १८६ |
| १० | एनएमबि बैंक लिमिटेड | २५५.७१ | ३०० | १६२ |
| ११ | नेपाल बैंक लिमिटेड | २५१.३ | ३३७.५ | १९५.१ |
| १२ | हिमालयन बैंक लिमिटेड | २३८.९२ | ३१२.१ | १६७.१ |
| १३ | माछापुच्छ्रे बैंक लिमिटेड | २३०.७८ | २९५ | १५७.८ |
| १४ | लक्ष्मी सनराइज बैंक लिमिटेड | २२४.८६ | ३०० | १४३.६ |
| १५ | ग्लोबल आइएमई बैंक लिमिटेड | २२२.९९ | ३०२ | १७० |
| १६ | सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड | २१५.७२ | २९६ | १५२.५ |
| १७ | नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड | २१५.६१ | २९५ | १४७.४ |
| १८ | प्रभु बैंक लिमिटेड | २१४.१८ | २९७ | १३२ |
| १९ | कुमारी बैंक लिमिटेड | २१३.२४ | २७२.९ | १२९.६ |

**नबिल बैंक लिमिटेड, बालाजु शाखा, काठमाडौंको, धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी**

प्रकाशित मितिः २०८१/१२/२५

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८०/१२/०९ को आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो **१५ दिने** सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं वा बालाजु शाखा, काठमाडौं** मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

**तपसिल**

१

**ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग स्थानिय व्यापारमा, मिति २०७६/१२/०६ मा प्रा.फ.र.नं १५४५७९/०७६/७७ अन्तर्गत दर्ता भएको **श्री कालिन्चोक फेन्सी स्टोर ।**
ठेगानाः काठमाडौं जिल्ला काठमाडौं म.न.पा वडा नं २८, भृकुटीमण्डप, काठमाडौं ।
**ऋणी फर्मका प्रोप्राइटरः**
कुल बहादुर थापाको नाति, ढाल बहादुर थापाको छोरा, दोलखा जिल्ला पवटी गा.वि.स वडा नं ९ स्थायी घर भई हाल मोरङ जिल्ला उर्लाबारी न.पा वडा नं ०८, बस्ने, नागरिकता नं.२२१००५/२८८, श्री साजन थापा ।

**व्यक्तिगत जमानतकर्ताको विवरण**

ठाकुर खड्काकी छोरी, ढाल बहादुर थापाकी बुहारी, साजन थापाकी श्रीमती, दोलखा जिल्ला फस्कु गा.वि.स वडा नं ०६ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा वडा नं ३१ बस्ने, नागरिकता नं., २२-०१-७१-०६००२ नागरिकता प्रदान गर्ने कार्यालय जि.का.: दोलखा, मिति :बि.सं. २०७१/०९/१४ भएको **लक्ष्मी खड्का ।**

२

**ऋणीको नाम र ठेगानाको विवरण**

कुल बहादुर थापाको नाति, ढाल बहादुर थापाको छोरा, दोलखा जिल्ला पवटी गा.वि.स वडा नं ९ स्थायी घर भई हाल मोरङ जिल्ला उर्लाबारी न.पा वडा नं ०८, बस्ने, नागरिकता नं.२२१००५/२८८, **श्री साजन थापा ।**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

ठाकुर खड्काकी छोरी, ढाल बहादुर थापाकी बुहारी, साजन थापाकी श्रीमती, दोलखा जिल्ला फस्कु गा.वि.स वडा नं ०६ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा वडा नं ३१ बस्ने, नागरिकता नं., २२-०१-७१-०६००२ नागरिकता प्रदान गर्ने कार्यालय जि.का.: दोलखा, मिति :बि.सं. २०७१/०९/१४ भएको **लक्ष्मी खड्का ।**

**संयुक्त धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरणः**
दोलखा जिल्ला फस्कु गा.वि.स वडा नं ०६ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा वडा नं ३१ बस्ने, **श्रीमती लक्ष्मी खड्काको** नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाडौं जिल्ला मुलपानी गा.वि.स वडा नं १ सिट नं १ग मा अवस्थित कि.नं. ६२४ क्षेत्रफल ०-४-०-३ रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरुः**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा वा बालाजु शाखा, काठमाडौं** बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/०१/०८ गते १:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा वा बालाजु शाखा, काठमाडौं** बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/०१/०९ गते ३:०० बजे बैंकको **बालाजु शाखा, काठमाडौं** मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाा जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **बालाजु शाखा, काठमाडौं** मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०
सोमवार, २५ चैत २०८१ | Monday, 7 April 2025
आर्थिक अभियान



*तस्वीर : रासस*

**मुग्लिन–पोखरा सडकको पृथ्वी राजमार्गअन्तर्गत तनहुँको पूर्वी खण्डमा पर्ने बन्दीपुर गाउँपालिका–१ डुम्रेबजार आसपास क्षेत्रका सडकमा कालोपत्र गरिँदै । यस खण्डमा पहिलो चरणमा ६ सेन्टिमिटर र दोस्रो चरणमा ४ सेन्टिमिटर गरी कुल १० सेन्टिमिटर गरी ६७ किमी सडकमा अन्तिम चरणको (डबल लेयर)को कालोपत्र कार्य पूरा भएको छ ।**

# सात समूहलाई सगरमाथा आरोहणको अनुमति

काठमाडौं । यस वर्षको वसन्तकालीन याममा सगरमाथा आरोहणका लागि आरोहण अनुमति दिन शुरू गरिएको छ । पर्यटन विभागका अनुसार सगरमाथा आरोहणका लागि हालसम्म सात आरोही समूहका १७ महिला र ६० पुरुषले अनुमति लिइसकेका छन् ।

सगरमाथासहित अन्य स-साना २९ हिमाल आरोहणका लागि अनुमति दिइएको विभागका निर्देशक लीलाधर अवस्थीले बताए । अनुमति पाएका आरोही गन्तव्यतिर लागेका छन् । हालसम्म नेपालसहित विभिन्न देशका १९८ आरोहीले हिमाल आरोहणको अनुमति लिएका छन् ।

अन्नपूर्ण-१ मा ६ आरोही समूहका ६६ जना र अन्नपूर्ण-५ का लागि एक आरोही समूहका आठ जनाले अनुमति लिएका छन् । मकालु आरोहणका लागि एक आरोही समूहका १५, ल्होत्सेमा एक आरोही समूहका १५ जनाले अनुमति पाएका छन् ।

सगरमाथा आरोहणका लागि अहिले धमाधम बाटो निर्माण भइरहेको छ । सगरमाथा क्षेत्रमा दुई दिनयता तीव्र बेगको हावा चलेकाले बाटो बनाउन कठिन भइरहेको जनाइएको छ ।



**सगरमाथासहित अन्य स-साना २९ हिमाल आरोहणका लागि अनुमति दिइएको विभागका निर्देशक लीलाधर अवस्थीले बताए । नेपालसहित विभिन्न देशका १९८ आरोहीले हिमाल आरोहणको अनुमति लिएका छन् ।**

शनिवार साँझसम्म प्रतिघण्टा ३५ किलोमिटरको गतिमा हावा चलिरहेको र ‘आइसफल’का टुक्रा छरिइरहेकाले आइसफल डाक्टर अनुकूल मौसमको प्रतिक्षामा रहेको विभागले जनाएको छ ।

खुम्बु आइसफल क्षेत्रमा अहिले भऱ्याङ राख्ने र ह्याङगिङ एयरमा किला ठोक्ने काम भइरहेको छ । ‘आइसफल क्षेत्रमा चारओटा भऱ्याङ र १२ ओटा किला ठोकिसकिएको छ,’ निर्देशक अवस्थीले भने, ‘दोस्रो शिविरसम्म दुई हजार दुई सय मिटरसम्म बाटो बनाउनुपर्ने हुन्छ । हालसम्म एक हजार एक सय मिटरसम्मको बाटो बनिसकेको छ ।’

सगरमाथाको आधार शिविरदेखि दोस्रो शिविरसम्म सगरमाथा प्रदूषण नियन्त्रण समिति (एसपीसीसी)ले बाटो बनाउन ‘आइसफल डाक्टर’ खटाएको छ । यो यामका लागि १० जनाको टोली खटाइएको एसपीसीसीले जनाएको छ । दुवै टोलीले सगरमाथा आरोहीहरूलाई सुरक्षित बाटो बनाउनेछन् । खुम्बु आइसफलमा बाटो बनाउने आरोहीलाई आइसफल डाक्टर भनिन्छ ।

सगरमाथाको दोस्रो शिविरसम्म बाटो तयार भएपछि मात्रै पर्वतारोहण सञ्चालक संघले दोस्रो शिविरदेखि चुचुरोसम्म डोरी टाँग्ने काम गर्नेछ । यसका लागि संघले अशोक लामाको नेतृत्वमा आठसदस्यीय टोली खटाइसकेको जनाएको छ । संघले यो याममा सगरमाथा आरोहणका लागि बाटो बनाउने तथा रोप फिक्सिङको व्यवस्थापकीय जिम्मेवारी एट्के एक्सपिडिसन कम्पनीलाई दिएको छ ।

वसन्त ऋतु सगरमाथासहितका हिमाल आरोहणका लागि उपयुक्त मौसम मानिन्छ । यो याममा सगरमाथा आरोहणका लागि उल्लेख्य संख्यामा विदेशी आउँछन् । *रासस*

**तथ्यांकोवाच**

# नेपाल संयुक्त राज्य अमेरिका व्यापारको विगत र वर्तमान

नेपाल संयुक्त राज्य अमेरिकाको महत्त्वपूर्ण व्यावसायिक साझेदार मुलुकका रूपमा रही आएको छ । परन्तु विभिन्न छूट सुविधा हुँदाहुँदै पनि संयुक्त राज्य अमेरिकासँगको व्यापारमा नेपालले अपेक्षित लाभ लिन सकिरहेको छैन । विभिन्न छूट हुँदा त लाभ लिन नसकिरहेको नेपालले हालको अमेरिकी नयाँ वाणिज्य नीतिबाट पर्न सक्ने प्रभावबारे चिन्तन गर्नुपर्ने बेला आएको छ ।

**नेपाल संयुक्त राज्य अमेरिका व्यापार**

| | रू अर्बमा | | | अमेरिकी डलरसँग | अर्ब अमेरिकी डलरमा | | |
|---|---|---|---|---|---|---|---|
| वर्ष | निर्यात | आयात | सन्तुलन | विनिमय दर | निर्यात | आयात | सन्तुलन |
| १९९९/२००० | १३.६८ | १.७१ | ११.९६ | ६९.०७ | ०.२० | ०.०२ | ०.१७ |
| २०००/०१ | १४.९७ | १.२९ | १३.६९ | ७३.८३ | ०.२० | ०.०२ | ०.१९ |
| २००१/०२ | ९.३८ | २.५३ | ६.८५ | ७६.८८ | ०.१२ | ०.०३ | ०.०९ |
| २००२/०३ | १२.६९ | १.७१ | १०.९८ | ७७.७९ | ०.१६ | ०.०२ | ०.१४ |
| २००३/०४ | ९.७० | १.४३ | ८.२६ | ७३.७९ | ०.१३ | ०.०२ | ०.११ |
| २००४/०५ | ७.५७ | १.७६ | ५.८१ | ७२.०६ | ०.११ | ०.०२ | ०.०८ |
| २००५/०६ | ६.९९ | १.६८ | ५.३२ | ७२.३२ | ०.१० | ०.०२ | ०.०७ |
| २००६/०७ | ५.५७ | ४.२६ | १.३१ | ७०.४९ | ०.०८ | ०.०६ | ०.०२ |
| २००७/०८ | ४.६० | ३.७२ | ०.८८ | ६५.०२ | ०.०७ | ०.०६ | ०.०१ |
| २००८/०९ | ४.८८ | ३.८१ | १.०७ | ७६.८८ | ०.०६ | ०.०५ | ०.०१ |
| २००९/१० | ३.८७ | ५.३८ | (१.५२) | ७४.५४ | ०.०५ | ०.०७ | (०.०२) |
| २०१०/११ | ४.३९ | ३.९३ | ०.४६ | ७२.२७ | ०.०६ | ०.०५ | ०.०१ |
| २०११/१२ | ५.५५ | ४.८९ | ०.६७ | ८१.०२ | ०.०७ | ०.०६ | ०.०१ |
| २०१२/१३ | ५.७५ | ५.२१ | ०.५४ | ८७.९६ | ०.०७ | ०.०६ | ०.०१ |
| २०१३/१४ | ७.५९ | ६.३३ | १.२६ | ९८.२५ | ०.०८ | ०.०६ | ०.०१ |
| २०१४/१५ | ७.७९ | ८.२८ | (०.४९) | ९९.४९ | ०.०८ | ०.०८ | (०.००) |
| २०१५/१६ | ९.३४ | ८.७० | ०.६४ | १०६.३५ | ०.०९ | ०.०८ | ०.०१ |
| २०१६/१७ | ८.९७ | ८.४७ | ०.५० | १०६.२१ | ०.०८ | ०.०८ | ०.०० |
| २०१७/१८ | ९.१७ | ९.८९ | (०.७३) | १०४.३७ | ०.०९ | ०.०९ | (०.०१) |
| २०१८/१९ | १०.८५ | १३.४३ | (२.५८) | ११२.८८ | ०.१० | ०.१२ | (०.०२) |
| २०१९/२० | ९.४४ | २३.५५ | (१४.१०) | ११६.३१ | ०.०८ | ०.२० | (०.१२) |
| २०२०/२१ | १३.७९ | १९.५० | (५.७१) | ११७.८७ | ०.१२ | ०.१७ | (०.०५) |
| २०२१/२२ | १७.९९ | ५०.०५ | (३२.०६) | १२०.८४ | ०.१५ | ०.४१ | (०.२७) |
| २०२२/२३ | १९.५७ | १९.४२ | ०.१५ | १३०.७५ | ०.१५ | ०.१५ | ०.०० |
| २०२३/२४ | १७.३१ | १९.४८ | (२.१७) | १३३.०३ | ०.१३ | ०.१५ | (०.०२) |

*स्रोत : नेपाल राष्ट्र बैंक र व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र*

नाडा र नाइमाको संयुक्त स्पष्टीकरण

# अटोमोबाइल क्षेत्रमा विवाद नभएको दाबी

**अभियान संवाददाता**

काठमाडौं

नेपालको अटोमोबाइलका क्षेत्रमा सक्रिय रहेको नाडा अटोमोबाइल्स एशोसिएशन अफ नेपाल र हालै गठन भएको नेपाल अटोमोबाइल्स इम्पोर्टर्स एण्ड म्यानुफ्याक्चरर्स एशोसिएशन (नाइमा)ले आफूहरूबीच कुनै विवाद तथा समस्या नरहेको दाबी गरेका छन् । नाडाले लामो समयदेखि नेपालका अटोमोबाइल व्यवसायीहरूलाई समेट्ने साझा संस्था भएर काम गर्दै आएको थियो । हालै ऋतुसिंह वैद्यको नेतृत्वमा नाइमा गठन भएपछि अटो व्यवसायीहरू विभाजित भएको चर्चा भएको थियो ।

पछिल्लो समय कार्यगत र क्षेत्रगत विवाद समेत देखिन थालेपछि यी दुई संस्थाले संयुक्त विज्ञप्ति जारी गर्दै आफूमा कुनै विवाद नरहेको बताएका हुन् । विज्ञप्तिमा उनीहरूले ‘दुवै स्वतन्त्र संस्था सवारीसाधन क्षेत्रको समग्र विकासप्रति प्रतिबद्ध’ रहेको उल्लेख गरेका छन् ।

नाडा अटोमोबाइल उद्योगलाई समर्थन गर्ने र राष्ट्र विकासमा योगदान पुऱ्याउने दृष्टिकोणले स्थापित संस्था भएको तथा नेपालको अटोमोबाइल नीतिहरू निर्माण गर्न तथा उद्योगसँग सम्बन्धित चुनौतीहरू समाधान गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको विज्ञप्तिमा उल्लेख छ । नयाँ गठन भएको नाइमा मोबिलिटी सशक्तीकरणको वकालतका लागि गठन गरिएको संस्था भएको तथा यसमा नेपालका अटोमोबाइल आयातकर्ता र निर्माताको प्रतिनिधित्व रहेको बताइएको छ ।



**नाडाले लामो समयदेखि नेपालका अटोमोबाइल व्यवसायीहरूलाई समेट्ने साझा संस्था भएर काम गर्दै आएको थियो । हालै ऋतुसिंह वैद्यको नेतृत्वमा नाइमा गठन भएपछि अटो व्यवसायीहरू विभाजित भएको चर्चा भएको थियो ।**

‘दुवै संस्था अटोमोबाइल व्यवसायमा प्रत्यक्ष संलग्न भएकाले केही सदस्य कम्पनीहरू दुवै संस्थामा जोडिन सक्छन् । तथापि, प्रत्येक संघले आफ्नो लक्ष्यप्रति प्रतिबद्ध रहँदै स्वतन्त्र रूपमा आफ्ना प्रयास जारी राख्नेछ,’ विज्ञप्तिमा भनिएको छ ।

नेपालको अटोमोबाइल क्षेत्र दिगोपन, नवप्रवर्तन र नीतिगत स्थिरतातर्फ अग्रसर हुँदै गर्दा नाडा र नाइमा दुवै संस्थाले व्यवसायीहरूको हक र हितको संरक्षण, उद्योगमैत्री नीति निर्माणमा सहकार्य र समग्र क्षेत्रको प्रगतिमा पूर्ण रूपमा प्रतिबद्ध रहेको बताएका छन् ।

नाइमा २०८२ वैशाख ४ गतेदेखि औपचारिक रूपमा शुरू हुँदैछ । सो अवसरमा संस्थाले आफ्नो स्पष्ट दृष्टिकोण, प्रमुख कार्यक्षेत्रहरू, मध्य तथा दीर्घकालीन योजना र मोबिलिटी सशक्तीकरणका लागि गर्न लागिएका कार्यक्रम सार्वजनिक गर्ने जानकारी दिइएको छ ।

आगलागी सुरक्षा सम्मेलन काठमाडौंमा शुरू

# डढेलो नियन्त्रण सरकारको एक्लो प्रयासले सम्भव छैन : वनमन्त्री शाही

**अभियान संवाददाता**

काठमाडौं

आगलागी जोखिम न्यूनीकरण र विद्युतीय सुरक्षासम्बन्धी नवीनतम प्रविधिको प्रवर्द्धन गर्ने उद्देश्यले आयोजित ‘फायर सेफ्टी एन्ड इलेक्ट्रोनिक सेक्युरिटी इन्टरनेशनल कन्फरेन्स २०२५’ आइतवारदेखि काठमाडौंमा शुरू भएको छ । एशिया प्यासिफिक सेक्युरिटी एसोसिएसन (आप्सा), नेपालद्वारा आयोजित यो सम्मेलन आज (सोमवार)सम्म चल्नेछ ।

सम्मेलनको उद्घाटन गर्दै वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले वन डढेलो नियन्त्रण तथा व्यवस्थापनका लागि अत्याधुनिक उपकरण र जनशक्तिको अभाव रहेको बताए । वन डढेलो नियन्त्रणका लागि सरकारसँग दमकल बाहेक अन्य कुनै विकल्प नरहेको उनको भनाइ थियो । सरकारले वन डढेलो नियन्त्रणलाई गम्भीर रूपमा लिएर विभिन्न विकल्पबारे सोचिरहेको पनि उनले बताए । वन डढेलो नियन्त्रण तथा व्यवस्थापनका लागि राज्यका सबै संयन्त्र परिचालन गरिएको उनको भनाइ छ । जटिल भूबनोटका कारण वन डढेलो नियन्त्रणका लागि सरकारको एकल प्रयासले सम्भव नहुने भन्दै सरोकारवाला सबैको सहकार्य र समन्वयको आवश्यकता औंल्याए ।

‘वन डढेलो न्यूनीकरणका लागि नेपाल सरकारले गरेर मात्र सम्भव हुँदैन । यसमा सम्पूर्ण सरोकारवाला निकायहरू, नागरिक समाज, स्थानीय समुदाय, युवाको भूमिका पनि महत्त्वपूर्ण छ,’ उनले भने, ‘यसलाई नेपाल सरकार वन तथा वातावरण मन्त्रालयले एउटा ठूलो विपद्को रूपमा लिएर रोकथाम तथा प्रतिकार्य गर्दै आएको छ ।’



आप्सा नेपालका अध्यक्ष सुनिलकुमार श्रेष्ठले आगलागी सुरक्षा सम्बन्धी विषयमा आगामी दिनमा सरकारसँग सहकार्य गर्दै जाने प्रतिबद्धता जनाए । सम्मेलनबाट आएका महत्त्वपूर्ण सुझाव र सिफारिसहरूलाई सम्बन्धित सरकारी निकायसमक्ष प्रस्तुत गर्ने र ती सुझाव कार्यान्वयनमा लैजान सरकारसँग समन्वय गरेर अगाडि बढ्ने उनले बताए ।

श्रेष्ठले आगलागी सुरक्षा प्राविधिक विषय मात्र नभई जनताको जीवन, भौतिक सम्पत्ति तथा समग्र सुरक्षा प्रणालीसँग जोडिएको महत्त्वपूर्ण मुद्दाको रूपमा रहेको उनले बताए । यसको नियन्त्रणमा सरकार, निजीक्षेत्र र सरोकारवाला निकायहरूबीच समन्वय अपरिहार्य रहेको उनले उल्लेख गरे । साथै उनले आप्सा नेपालले जनचेतना अभिवृद्धि, क्षमता विकास र नीतिगत सुधारमा समेत सक्रिय भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरे ।

सम्मेलनमा गृह मन्त्रालय, शहरी विकास मन्त्रालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना, ७५३ ओटै स्थानीय तहका प्रतिनिधिहरू, उद्योग क्षेत्रका अग्रणी व्यक्तिसहित आगलागी तथा विद्युतीय सुरक्षाका विज्ञहरूको सहभागिता छ । कार्यक्रममा चीन, भारत, जापान, दक्षिण कोरिया, थाइल्यान्ड, सिंगापुर, मलेसिया, श्रीलंका, भियतनाम, हङकङ, इन्डोनेसिया, मकाउ, फिलिपिन्सलगायत १४ देशका विशेषज्ञले कार्यपत्र प्रस्तुत गर्नेछन् ।

# ८ महीनामा साढे २३ करोड राजस्व संकलन

विराटनगर (अस) । यातायात व्यवस्था कार्यालय, विराटनगरले चालू आर्थिक वर्ष २०८१/८२ को फागुन मसान्तसम्ममा रू. २३ करोड ६० लाख राजस्व संकलन गरेको छ । कार्यालयले यातायात क्षेत्र, अन्य प्रशासनिक सेवा, व्यवसाय रजिस्ट्रेशन, चालक अनुमति पत्र, सवारी दर्ता, प्रशासनिक दण्ड, जरीवाना र जफत तथा सवारी साधन कर लगायत शीर्षकमा उक्त राजस्व संकलन गरेको हो ।

कार्यालय प्रमुख रविन कार्कीका अनुसार सबभन्दा बढी राजस्व सवारीसाधन करबापत १९ करोड २८ लाख ५३ हजार संकलन भएको छ । त्यसैगरी दोस्रो ठूलो राजस्व संकलन चालक अनुमतिपत्र, सवारी दर्ता किताब सम्बन्धी दस्तुर शीर्षकमा उठेको छ, जसमा ४ करोड १९ लाख ८६ हजार उठेको यातायात व्यवस्था कार्यालय विराटनगरका प्रमुख रविन कार्कीले बताए ।



यातायात व्यवस्था कार्यालय विराटनगरमा आव २०७८/७९ देखि चालू आव २०८१/८२ को फागुन मसान्तसम्ममा विभिन्न किसिमका सवारीसाधन दर्ता गर्दै आएको छ, जसमध्ये मोटरसाइलकल सबैभन्दा बढी ११ हजार ४ सय ८४ दर्ता र स्कुटर ३ हजार ९३९ ओटा दर्ता रहेको कार्कीले बताए । यस्तै बस १८, मिनी बस सात, माइक्रो बस चार, जिप २०९, कार ५६७, विद्युतीय कार ३९, भ्यान ४४, पिकअप भ्यान ५८१, ट्र्याक्टर १ हजार ६१८, दमकल एक, एम्बुलेन्स ५४, पेट्रोलियमबाट चल्ने टेम्पो १५, विद्युतीय टेम्पो दुई, विद्युतीय रिक्सा ३२४, विद्युतीय स्कुटर १५, मोपेड तीन, ट्रक २७, मिनी ट्रक तीन र क्रेन १८ ओटा दर्ता भएका छन् ।

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित | प्रधान सम्पादक : मदन लम्साल | सम्पादकीय निर्देशक : केशव गौतम | कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ | पाञ्चायनमार्ग, थापाथली, काठमाडौं | पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७ | इमेल : editorial@abhiyan.com.np | मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर